# वर्गदृष्टि साप्ताहिक
Bargadristi Weekly

वर्ष ४ अङ्क २६ पूर्णाङ्क १७१ | २०७६ माघ २० गते सोमबार | Monday, 3 Feb, 2020 | पृष्ठ ८ | मूल्य रु. १०|-

## ओली सरकारमाथि अमेरिकी दवाव

**सम्माननीय केपी शर्मा ओली**
**नेपालका प्रधानमन्त्री,**
**प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय**
**सिंहदरबार, काठमाडौं।**

*प्रिय प्रधानमन्त्री केपी शर्मा ओली,*

तपाईको सरकारले निर्वासित तथा शरणार्थी तिब्बतीहरूलाई धेरै दशकसम्म आश्रय दिने प्रतिबद्धता व्यक्त गर्नुभएको प्रति म सराहना गर्दछु । यहाँलाई थाहै छ, तिब्बती शरणार्थीहरूको सुरक्षा संयुक्त राज्य अमेरिकाका लागि ठूलो चिन्ताको विषय हो ।

परन्तु हालसालैका मिडिया रिपोर्टहरूले तिब्बती शरणार्थीलाई जबर्जस्ती चीन पठाउन सक्ने प्रत्यार्पण सम्झौतामा हस्ताक्षर हुँदैछ भन्ने कुराले मलाई निकै चिन्तित तुलयाएको छ ।

निर्वासनमा रहेका तिब्बती शरणार्थीलाई चीनतर्फ पठाउँदा नेपालको अन्तर्राष्ट्रिय प्रतिष्ठामा ठूलो आँच आउने छ र यसले हाम्रा दुई देशका बीचको द्वीपक्षीय सम्बन्धमा गम्भीर नकारात्मक असर पार्ने छ र म यस्तो सम्झौता सम्पन्न गर्ने गरी थप कदम नचाल्ने जोडदार रूपमा आग्रह गर्दछु ।

विगतका वर्षहरूमा जस्तै म भारत जान चाहने तिब्बतीहरूलाई ढिलो नगरी 'भद्र सहमति' अनुसारको ट्राभल डकुमेन्ट उपलब्ध गराउन र साथे नेपालमा रहने तिब्बती शरणार्थीहरूको दर्ता प्रक्रिया थाल्न पनि तपाईको सरकारलाई आग्रह गर्दछु ।

मलाई आशा छ, हाम्रो द्वीपक्षीय सम्बन्धलाई बिगार्न सक्ने सम्झौतामा हस्ताक्षर गर्नुभन्दा पहिला हाम्रो सरोकारका यी विषयमा ध्यान दिनु हुनेछ ।

*भवदीय,*
*रोबर्ट मकाञ्जे, पदाधिकारी सदस्य*
***संयुक्त राज्य अमेरिका, सिनेट***

# राष्ट्रिय स्वाधीनताको रक्षा र संगठन विस्तारको देशव्यापी अभियान सुरु



काठमाडौं । नेकपा (क्रान्तिकारी माओवादी) को राष्ट्रिय स्वाधीनताको रक्षा र संगठन विस्तारको चार महिने अभियान सुरु भएको छ । माघ १५ गते देशका चार सहरबाट एकसाथ उद्घाटन गरी अभियान सुरु गरिएको हो । १५ माघमा १ नं. प्रदेश अन्तर्गत झापाको काँकडभिट्टामा *बाँकी ४ पेजमा*

## पैसा आउँछ भन्दैमा देशै बेच्न त भएन नी ? : सीपी गजुरेल



● **कुमार भट्टराई र विष्णु आले**

ललितपुर । नेकपा क्रान्तिकारी माओवादीका स्थायी सदस्य तथा देजमोका केन्द्रिय अध्यक्ष सिपी गजुरेलले कालापानी लिपुलेक र लिम्पियाधुरा नेपालको भूभाग भएकाले नेपालको नक्सामा समावेश गरिनु पर्ने तर्क गरेका छन् । शनिबार ललितपुर जिल्ला कमिटिको राजनीतिक प्रशिक्षण कार्यक्रमलाई सम्बोधन गर्दै नेता गजुरेलले भारतले मिचेको भूमि फिर्ता गर्न सबै राष्ट्रवादी दलहरू एक हुनुपर्ने बताएका छन् । पैसा आउँछ भन्दैमा दशै बेच्न त भएनना ? उनले आक्रोश पोखे यो वामगठबन्धनको सरकार सरकारबाट *बाँकी ४ पेजमा*

## नौ दलको संयुक्त विरोध सभा

**यही माघ २४ गते शुक्रबारको दिन दिनको २ बजे काठमाडौंको रत्नपार्क शान्तिबाटिकामा राष्ट्रिय स्वाधीनताको लागि नौ दलको विरोध सभाको आयोजना गरिएको छ। त्यसैगरी बुटवलको ट्राफिक चोकमा १ बजे, धनगढी बजारमा १२ बजे र सुर्खेतको वीरेन्द्र नगर बजारमा ११ बजे। त्यसैगरी जनकपुर, विराटनगरमा विरोध सभाहरूको आयोजना कार्यक्रम छ।**

# देशैभर सीमा अतिक्रमण र एमसीसीको विरोधमा कोणसभा सम्पन्न



काठमाडौं । राष्ट्रिय स्वाधीनताको रक्षा र संगठन विस्तार अभियानको चौथो दिन शनिबार देशैभर क्रान्तिकारी माओवादीले कोणसभा सम्पन्न गरेको छ ।

हाम्रा सहकर्मी मधुकर थापाले पठाएको समाचार अनुसार झापाको बारहदशी गापाको (५,फुलबारी बजारमा कोणसभा सम्पन्न गरिएको छ पार्टीका के.स.डिल्ली बोहोराले सञ्चालन गरेको कोणसभालाई झापाका जिल्ला सेक्रेटरी हरि गौतम र अखिल नेपाल क्रान्तिकारी *बाँकी ६ पेजमा*

# कञ्चनपुर जिल्लामा राष्ट्रिय स्वाधीनताको अभियानअन्तर्गत विभिन्न कोणसभाहरू सम्पन्न

कञ्चनपुर । यही माघ १७ गते कञ्चनपुर जिल्लाको बेलडाँडी गाउँपालिकाको बेलडाँडी चवन्नीबजारमा कोण सभा भयो । अखिल नेपाल ट्रेड युनियन महासंघको सचिवालय सदस्य राजु भुजेलले सञ्चालन गरेको कोण सभालाई सुदूरपश्चिम प्रदेश देजमोका अध्यक्ष विष्णु दमाइ र पि.बि.एम.का. भुपेन्द्र न्यौपानेले सम्बोधन गर्नु भयो। त्यसपछि बेलौरी नगरपालिकाको कलछत्रामा कोणसभा भयो ।

उक्त कोण सभाको सञ्चालन अनेरास्ववियु (क्रान्तिकारी) का महासचिव पेसल दाहालले गर्नु भयो र सभालाई सम्वोधन पि.वि.एम. तथा प्रदेश इञ्चार्ज र क्रान्तिकारीका अनुकुल र क्रान्तिकारी युवा लिग नेपालका महासचिव *बाँकी ६ पेजमा*



# नेवाः राष्ट्रिय मुक्ति मोर्चा, नेपालको तेस्रो राष्ट्रिय सम्मेलन माघ २४-२६ गते हुँदै




*आन्तरिक राष्ट्रियता र बाह्य राष्ट्रियता सुदृढ गर्न आम जनपरिचालन !*
*पहिचानसहित संघीयता र नेवाः राज्य स्थापनाका लागि सशक्त संघर्ष संचालन !!*
*नेवाः भूमि, भाषा, कला, संस्कृति, सम्पदा, रोजगारीमाथि अतिक्रमण विरुद्ध तेस्रो राष्ट्रिय सम्मेलन !!!*

***आदरणीय जनसमुदाय,***

आज देश गंभीर संकटबाट गुज्रिरहेको वेलामा हाम्रो गौरवशाली मोर्चा, नेवाः राष्ट्रिय मुक्ति मोर्चा, नेपालको तेस्रो राष्ट्रिय सम्मेलन संघर्षका रूपमा यही ने.सं. ११४० सिल्लाथ्वः त्रयोदशी, चतुर्दशी र पूर्णिमा (माघ २४, २५ र २६ गते) काठमाडौंमा हुन गइरहेको छ ।

आज देशको राष्ट्रियता गंभीर संकटमा परेको छ । देशको बाह्य राष्ट्रियतालाई *बाँकी ७ पेजमा*

# राष्ट्रिय स्वाधीनता, एमसीसी र आइपीएस

***एकातिर भारतीय विस्तारवादले लिम्पियाधुरा, कालापानी सहितका क्षेत्रलाई आफ्नो भूभागमा गाभेर नयाँ नक्सा सार्वजनिक गरी नेपालको राष्ट्रिय स्वाधीनतामाथि हमला बोलेको छ भने अर्कोतिर अमेरिकी साम्राज्यवादले एमसीसी सम्झौता मार्फत् अमेरिकी सैन्य गठबन्धनमा सामेल गराएर देशको राष्ट्रिय अस्मितामाथि धावा बोल्न खोजिरहेको छ। यो देशको राष्ट्रिय स्वाभिमान तथा सार्वभौमिकतामाथिको गम्भीर चुनौती हो।***



● **किरण** ●

केही समययता देशमा अमेरिकाद्वारा मिलेनियम च्यालेञ्ज कम्प्याक्ट मार्फत दिइने अनुदान स्वीकार गर्नुपर्छ र गर्नु हुँदैन भनी व्यापक चर्चा परिचर्चा हुँदै आएको छ । यो विषय देशको राष्ट्रिय स्वाधीनता तथा सार्वभौमिकताको रक्षाको प्रश्नसित जोडिएको छ र सच्चा देशभक्तहरूले यसलाई गम्भीरतापूर्वक लिन जरुरी छ । सरकार पक्षीय राजनीतिक दलको ठूलो हिस्सा र प्रमुख प्रतिपक्षी दल यसप्रकारको अनुदानलाई स्वीकारी संसदबाट अनुमोदन गराउनका लागि अत्यन्तै हल्का र गैरजिम्मेवार ढङ्गले पेश हुँदै आएका छन् । यो गम्भीर बिडम्बनाको विषय हो ।

अमेरिकाद्वारा एमसीसी मार्फत दिइने अनुदान हिन्दप्रशान्त रणनीति र आइपीएस (इन्डो प्यासिफिक स्ट्रेटेजी) सित जोडिएको छ । यो अमेरिकाको सामरिक रणनीति हो । यस रणनीतिको मूल उद्देश्य नेपाल, भारतसहित दक्षिण एसियाली तथा हिन्दप्रशान्त क्षेत्रका देशहरूमा आफ्नो प्रभुत्व कायम गर्नु, यस क्षेत्रका देशहरूलाई सैन्य गठबन्धनमा सामेल गराउनु र चीनलाई घेराबन्दीमा पार्नु हो । यसप्रकारको रणनीतिको अङ्गका रूपमा रहेको एमसीसीलाई स्वीकार्नु भनेको देशको असंलग्न परराष्ट्र नीतिलाई तिलाञ्जली दिनु, देशको राष्ट्रिय *बाँकी ७ पेजमा*

## सम्पादकीय

# क्रान्तिकारी माओवादी र राष्ट्रिय स्वाधीनताको अभियान

राष्ट्रिय स्वाधीनता, सार्वभौमिकता, क्षेत्रीय अखण्डतामाथि भारतको सीमा अतिक्रमण र अमेरिकाको एमसीसी परियोजनाका कारण मुलुकमा गम्भीर संकट उत्पन्न भएको ठहर गर्दै नेकपा (क्रान्तिकारी माओवादी) राष्ट्रिय स्वाधीनताको चार महिने अभियानसहित सडकमा उत्रिएको छ । माघ १५ गते देशका चार सहरबाट एकैसाथ अभियानको उद्‌घाटन गरी सडकमा उत्रिएको क्रान्तिकारी माओवादीले वैदेशिक हस्तक्षेपको विरोधमा कोणसभा, चोकसभा गर्ने, विवादित सीमाक्षेत्रको निरीक्षण गर्ने, नक्कली नक्साको भण्डाफोर तथा सरकारी कार्यालयमा भएको नक्कली नक्सा हटाई वास्तविक नक्सा झुण्ड्याउन लगाउने लगायतका कार्यहरू मार्फत् जनतामा राष्ट्रियतासम्बन्धी जागरण पैदा गरिरहेको छ । र, जनतालाई संगठित गरी आन्दोलित बनाउने आधार पनि तयार पारिरहेको छ ।

नेपालमा निरन्तर राष्ट्रिय स्वाधीनताको रक्षाको सवाललाई पार्टीको मूल मुद्दाको रूपमा उठाउने र पार्टीको सम्पूर्ण शक्ति परिचालन गर्ने राजनीतिक पार्टीको रूपमा नेकपा (क्रान्तिकारी माओवादी) नै एकमात्र पार्टी बन्न पुगेको छ । एकल र संयुक्त रूपमा राष्ट्रिय स्वाधीनताको आन्दोलन उठान गर्नको लागि क्रान्तिकारी माओवादीले नेतृत्वदायी पहलकदमी गरिरहेको छ । हालै यसै पार्टीको मुख्य पहलमा क्रान्तिकारी माओवादी, मसाल लगायतका नौ दलले राष्ट्रिय स्वाधीना र जनजीविकाका मुद्दामा कार्यगत एकता घोषणा गरेका छन् र सीमा अतिक्रमण र एमसीसीको विरोधमा माघ २४ गते ७ वटै प्रदेशका प्रमुख सहरमा विरोध सभाको कार्यक्रम गर्ने घोषणा समेत गरिसकेका छन् ।

यतिखेर राष्ट्रिय स्वाधीनताको विषय निकै नै संवेदनशील र पेचिलो बन्न पुगेको छ । लिम्पियाधुरा, लिपुलेक, कालापानी आफ्नो भूभागमा गाभेर भारतले नयाँ राजनीतिक नक्सा जारी गरेपछि नेपालको राष्ट्रिय स्वाधीनतामा सन् १८१६ यताकै सबैभन्दा ठूलो संकट उत्पन्न हुन पुगेको बहस र विश्लेषण भइरहेको छ । त्यसमाथि एमसीसीमार्फत् अमेरिकाले नेपालमा सेना उतार्ने तयारी गरिरहेको विषयले नेपालले अहिलेसम्म कायम राखेको सार्वभौमिकता गुमाउने हो कि भन्ने गम्भीर सवाल खडा हुन पुगेको छ । यहाँका शासकहरूको राष्ट्रिय आत्मसमर्पणवादी चरित्रका कारण नेपालको स्वतन्त्र अस्तित्व गुम्ने हो कि भन्ने सवाल अहिले चौतर्फी रूपमा खडा भएको छ ।

त्यसमाथि सत्तारुढ पार्टीभित्रकै नेताहरूले समेत चौतर्फी रूपमा विरोध गरिरहँदा र दबाब दिइरहँदा पनि वर्तमान केपी ओली नेतृत्वको सरकार राष्ट्रघाती एमसीसी सम्झौता सदनबाट पास गराउन कम्मर कसेर लागिपरेको छ । करिब चार महिना बितिसक्दा पनि भारतले हडपेको नेपाली भूमि फिर्ता गराउने विषयमा ओली सरकारले कुनै ठोस पहलकदमी गरेको छैन । नागरिक स्तरबाट सीमाविज्ञहरूले भारतले हडपेको भूमि र तथ्यांकसहित नेपालको वास्तविक नक्सा जारी गरी चौतर्फी रूपमा नक्सा जारी गर्न दबाब दिंदा पनि ओली सरकारले नेपालको नक्सा जारी गर्न कुनै इच्छा र तत्परता देखाएको छैन र कुनै आवश्यकता महसुस गरेको देखिदैन । अहिले पनि कालापानी-सुस्ता क्षेत्र नभएको र भारतले नै छापेर पठाइदिएको नक्कली नक्सा प्रयोग गरिरहेको छ । यहाँसम्म कि निशान छापमा समेत त्यही नक्कली नक्सा प्रयोग भइरहेको छ । प्रधानमन्त्रीस्तरमा वार्ता गरी कालापानीबाट भारतीय सेना हटाउन र हडपिएको भूमि फिर्ता गराउन राजनीतिक वृत र नागरिक स्तरबाट दबाब भइरहँदा पनि ओली सरकारले त्यसको कुनै सुनुवाई गरेको छैन । बरु उल्टै सीमा अतिक्रमण र एमसीसीको विरोध गर्ने देशभक्त तथा क्रान्तिकारीहरूमाथि दमनमा उत्रिन थालेको छ ।

यसरी वर्तमान ओली सरकारले भारतीय विस्तारवाद र अमेरिकी साम्राज्यवादका विरुद्ध नाङ्गो दलाली गरिरहँदा संसदको प्रतिपक्षी दल नेपाली कांग्रेस पनि सत्तारुढ पार्टीकै स्वरमा स्वर मिलाइरहेको छ र उसले पनि आफ्नो दलाली चरित्र प्रदर्शन गरिरहेको छ । यस पृष्ठभूमिमा अहिले सिंगो व्यवस्था, सत्ता र सरकारको प्रतिपक्षीको भूमिका क्रान्तिकारी माओवादीले खेलिरहेको छ र देशको राष्ट्रिय स्वाधीनताको रक्षा, जनतन्त्र र जनजीविकाको सवालमा सडकमा उत्रिएर जनतालाई सचेत पार्ने, संगठित गर्ने र आन्दोलित बनाउने भूमिका निर्वाह गरिरहेको छ । अब सच्चा देशभक्त र क्रान्तिकारीहरूको पहलकदमी र भूमिकाबाट मात्र देशको स्वाधीनताको रक्षा हुने देखिन्छ । यसर्थ, सम्पूर्ण सच्चा देशभक्त, क्रान्तिकारी शक्तिहरू क्रान्तिकारी माओवादी पार्टी नेतृत्वकै वरिपरि गोलबन्द भएर अगाडि बढ्नुपर्ने स्थिति पैदा हुन पुगेको छ । सम्बन्धित सबैले यस परिस्थितिको बोध समयमै गर्न जरुरी देखिन्छ ।


परिवर्तनको सम्वाहक

मूलबाटो

सत्यतथ्य निष्पक्ष खबर तथा

विचारका लागि सधैँ हेर्ने र पढ्ने गरौँ।

www.moolbato.com


# नेपालमा माओवादी जनयुद्ध–एक विश्लेषण–४



● रोशन जनकपुरी ●

०६८साल वैशाखमा बसेको बैठकमा अध्यक्ष प्रचण्डले प्रस्तुत गरेको 'तात्कालिक राजनैतिक प्रस्ताव'मा 'पालुङ्गटार बैठकमा पारित कार्यदिशामा रहेको अस्पष्टतालाई स्पष्ट पार्ने तथा विकसित नयाँ घटनाक्रम र समयको चापलाई विचार गरी कार्ययोजनालाई परिमार्जन गर्ने' नाममा पालुङ्गटारको निर्णय खारेज गरिए पछि अन्तरसंघर्ष फेरी चरम स्थितिमा पुगेको थियो । उक्त प्रस्तावमा एकातिर पालुङ्गटारबैठकमा भनिएझैँ सडक संघर्षलाई प्राथमिकता दिँदै चार तयारी र चार आधार निर्माण गरी जनविद्रोह संगठित गर्ने भनिएको थियो भने अर्कोतिर चार तयारी र चार आधार निर्माणको अभिन्न अङ्गको रूपमा सेनासमायोजन र पुनःस्थापना प्रक्रियालाई अगाडी बढाउनु, तथा राज्यपुनःसंरचना, शासकीयस्वरूप र निर्वाचनप्रणाली लगायतमा रहेका केही मूलभूत असहमतिको बावजूद एकीकृत सम्विधान मस्यौदा निर्माणमा जोड दिइएको थियो । यो बोलीमा जनविद्रोह र कामकुरोमा सुधारवादी सत्तानिर्माण नै थियो । किरणले यसको विरोध गर्दै पुरानै अडान दोहोऱ्याए । अन्तरविरोध चरमोत्कर्षमा पुग्यो र अन्ततः ०६९सालमा मोहन किरण वैद्यको नेतृत्वमा सीपी गजुरेल, बादल, देवगुरुङ्ग र पम्फाभूसाल लगायतले प्रचण्ड नेतृत्वको एकीकृत माओवादीबाट अलग भएर नेकपा-माओवादी गठन गरे । ०५२ सालमा दीर्घकालीन जनयुद्धको सशस्त्र दसवर्ष पार गरेर रणनैतिक प्रत्याक्रमणमा जनविद्रोह संगठित गर्ने उद्देश्यले शान्ति प्रक्रियामा सामेल भएको र प्रकाश नेतृत्वको एकताकेन्द्रसंग एकता गरेर एकीकृत माओवादीमा परिणत माओवादी आन्दोलन यसरी विभाजित र विघटित भयो । अहिले किरणको नेकपा-माओवादीबाट अलगभएर विप्लवले नेपाल कम्युनिस्ट पार्टी गठन गरेका छन् । किरण र विप्लवको पार्टीले आफूलाई माओवादी अनुयायी भनेपनि कार्यदिशामा भिन्न छन् र दुबै वैचारिक अन्यौलग्रस्त स्थितिमा अस्तित्वको निम्ति संघर्ष गर्दैछन् । विप्लव छुट्टिएपछि किरणको ड्यास माओवादी केही साना पार्टीहरूसंग एकता गरेर क्रान्तिकारी माओवादीमा परिणत भएका छन् ।

०५२-०६२को दशवर्षको जनयुद्धपछि शान्तिप्रक्रियामा प्रवेश गर्नेबेला माओवादीले देशको करीब असीप्रतिशत ग्रामीण भूभागमा सरकारी सत्ता रित्त गराइसकेको थियो भने अधिकांशमा सक्रिय राजनैतिकप्रभाव स्थापित गरिसकेको थियो । तराई-मधेशको ग्रामीण क्षेत्रमा दुइतर्फी संघर्ष थियो, तर माओवादीहरू नै अधिकांश क्षेत्रमा हावी थिए ।

आधार क्षेत्रमा सडक, स्कूल, अस्पताल, उत्पादन एवं विनिमयक्षेत्रमा सहकारिता आन्दोलन संगठित गर्नु र जनअदालतहरूको माध्यमबाट भ्रष्ट र समाजविरोधी तत्वहरू, अपराधी र बदनाम सामन्त र भूस्वामीहरूलाई दण्डित गर्नु तथा भूस्वामी र जमिन्दारहरूको जमीन कब्जा गरि भूमिहीन समुदायलाई वितरणगर्ने काम शुरु भइसकेको थियो । किल्लाबन्दी युद्धहरूमा शाहीसेनालाई पराजित गर्न असफल भइरहेपनि छापामार शैलीको युद्धमा विजय हासिल गर्ने क्षमता जनमुक्तिसेनाले विकसित गरिसकेको थियो । अर्कोतर्फ शहरी क्षेत्रमा र उत्पीडितवर्ग, गरीब मजदूर, किसान, दलित र पिछडिएका समुदायमा माओवादीको छवि मुक्तिदाताको बन्दै गइरहेको थियो भने जनविरोधी तत्वबीच भय उत्पन्न हुँदै गएको थियो । समग्रमा माओवादी विजयतर्फ उन्मुख रहेको भाव सबैक्षेत्रमा स्थापित हुँदै गइरहेको थियो ।

यति हुँदाहुँदैपनि माओवादी किन यसरी विघटित भयो ? यसको पहिलो कारण त सबै कुराको छिनोफानो विचारधाराले नै गर्छ भन्ने माओको भनाई झै सैद्धान्तिक र वैचारिक नै हो । र मेरो विचारमा पार्टीको दोस्रो राष्ट्रिय सम्मेलनमा जनयुद्धको कार्यदिशा परिवर्तन गरेर जनयुद्धको कार्यनीतिमा आमविद्रोहको कार्यनीतिको समायोजन र समयभन्दा धेरैपहिले प्रतिक्रियावादी सत्तासंग वार्ताको सम्भावनालाई दृष्टिगत गरि सर्वपक्षीय सम्मेलन, अन्तरीम सरकार र सम्विधानसभाको ट्याक्टिकल लाइन पारित गर्नु नै हो । यसले पूर्णतः दीर्घकालीन जनयुद्धको राजनैतिक र फौजी कार्यदिशामा काम गरिरहेको क्रान्तिकारी पार्टीभित्र शान्तिपूर्ण संक्रमणको दक्षिणपन्थी अवसरवादी प्रवृत्तिको निम्ति स्पेस सृजना गऱ्यो । माओवादी पार्टीमा यो पहिलो वैचारिक चिप्ल्याई थियो । यसबारेमा माथी चर्चा गरिएको छ ।

यसपछिको कथा चुनवाङ्गदेखि पार्टीको विभाजन र विघटनसम्मको स्थितिमा विपरीत परिस्थितिलाई उपेक्षा गर्दै कार्यनीतिहरू तय गर्दै संसदीय भासमा फँस्दै जानू हो । 'सम्विधानसभा तथा अस्थायी सरकारको बारेमा' नामक लेखमा लेनिनले क्रान्तिकारी शक्तिले आमविद्रोह संगठित गर्ने उद्देश्यले संसद र लोकतन्त्रको उपयोग गर्ने सन्दर्भमा लोकतन्त्रबारे महत्पूर्ण कुरा भनेका छन् । उनको भनाई अनुसार संगत र असंगत गरी लोकतन्त्र दुई किसिमको हुने गर्दछ । समाजवादी अभिष्टको यात्रामा सहयोग गर्ने संगत लोकतन्त्र हो र क्रान्तिकारीशक्तिले यसको प्रयोग गर्नु पर्दछ । यसको विपरीत समाजवादी यात्रामा अवरोध सृजना गर्ने लोकतन्त्र असंगत हो र प्रयोगको सिलसिलामा यस्तो अवरोध सृजना हुन थालेपछि क्रान्तिकारीहरूले यस्तो लोकतन्त्रसंग तत्कालै सम्बन्धविच्छेद गर्नुपर्दछ । माओवादीहरू यही गल्ती पटक-पटक दोहऱ्याउँदै गए । मानौ सबै योजनाबद्ध थियो । गम्भीर प्रतिकूलतालाई उपेक्षा गर्दै र न्यून अनुकूलताको बलमा रणनैतिक रक्षाबाट सन्तुलनमा प्रवेश र यस्तै परिस्थितिमा रणनैतिक प्रत्याक्रमणमा प्रवेश यस्तै गल्ती थियो । सबभन्दा त्रासद त के थियो पार्टी दस्तावेजहरूमा गम्भीर प्रतिकूल परिस्थितिमा रणनैतिक प्रत्याक्रमणको स्थितिबाट रणनैतिक रक्षामा फर्कने निर्णय गरिएको भएपनि त्यस्तो हुनसकेन । पार्टीले एकपछि अर्को गर्दै जनअदालत, जनसरकार, जनसेना, कब्जा गरेका भूभाग गुमाउँदै गएपनि पार्टी राजनैतिक र फौजी समग्ररूपमा रणनैतिक रक्षामा फर्कन सकेन, बरु प्रत्याक्रमणको सूत्र पढदै कुनै वशीभूत पात्र झैं शान्तिपूर्ण संक्रमणको संशोधनवादी चिप्लेटीमा चिप्लिदैँ आकण्ठ संसदीय भासमा डुब्यो । र कुनैबेला नेपाललाई माओवादी जनयुद्धको देशको परिचय दिलाउने माओवादी आन्दोलन विघटित भयो । यस्मा देशी विदेशी प्रतिक्रियावादीको चाहना, षडयन्त्र र प्रतिसंघर्षको पनि महत्वपूर्ण भूमिका निश्चय नै छ, तरपनि यो विघटन मूख्यतः आफ्नै कारणले भएको हो ।

अब नेपाली राजनीति र नेपाली माओवादी आन्दोलनको भविष्य के छ ? यस विषयमा विचार गर्दा माओवादी जनयुद्ध आफूमा समग्र युद्ध थियो । यसले नेपाली समाजमा वर्गीय, जातीय, क्षेत्रीय र लैङ्गिक शोषणबाट मुक्तिको प्रश्नलाई आफ्नो मूख्य लक्ष्य बनाएको थियो । अफसोस, यो सफल हुनसकेन । अहिले ती एजेन्डाहरू विविध प्रतिक्रियावादी क्षेत्रीय, जातीयआदि संकीर्ण पहिचानवादी शक्तिको हातमा छ । वर्गीय एजेन्डा उपेक्षित छ र वैचारिकस्तरमा पतनोन्मुख कम्युनिस्ट पार्टीहरू वामलफ्फाजीको आधारमा सरकारमा छन् । सत्ताका स्थायी अंङ्गहरू अर्थात सेना, कर्मचारीतन्त्र र प्रहरीलगायतको चरित्रमा राजतन्त्रबाट सम्बन्धविच्छेद भएपनि पुरानो मानसिकता कायमै छ । देशको अर्थराजनीतिमा वैदेशिक शक्तिको वर्चस्वको कारण जनताको हितभन्दा दलालपूँजीपतिको चाकरीमा बढी सम्मानित बोध गर्ने प्रवृत्ति सरकार र समग्र राजनीतिमा अभिव्यक्त भइरहेको छ । यसरी देशले भोगिरहेको संघीय लोकतान्त्रिक गणतन्त्र नेपाली जनताको हुने कि देशी विदेशी प्रतिक्रियावादीको हुने प्रश्नमा जनता र नयाँ शासकवर्ग नयाँ प्रकारको संघर्ष विकसित हुने सम्भावना देखिन्छ । यो राजनैतिक व्यवस्थामा अबेर-सबेर आउने गम्भीर संकटको द्योतक हो । यस्तो अवस्थामा क्रान्तिकारी शक्तिहरू बलियो भए यो जनताको राज्यव्यवस्थामा परिणत हुनेछ, अन्यथा गैरजनवादी फासीवादीशक्तिहरू बीचको संघर्षमा देश दीर्घकालीन अस्थिरतामा जान सक्ने खतरापनि छ । जहाँसम्म अहिलेका संघीय लोकतान्त्रिक गणतन्त्रको भविष्यको प्रश्न छ, अहिले देशी दलाल पूँजपतिवर्ग र विदेशी साम्राज्यवादी र विस्तारवादीशक्तिहरूले वर्तमान शासकवर्ग (नयाँ पुरानो संसदीयशक्ति) माथी नै विश्वास गरेको हुनाले केही वर्षसम्म यही व्यस्था नै रहने देखिन्छ । यसको पछाडी राष्ट्रिय-अन्तराष्ट्रिय भूराजनीति र अर्थ राजनीतिमा विकसित बहुध्रुविय अन्तरसाम्राज्यवादी संघर्षको कारण देशको भूराजनीतिक र अर्थराजनीतिमा आएको प्रभाव र परिवर्तन महत्वपूर्ण कारण हुन् । *बाँकी ७ पेजमा*

झर्रोटर्रो kailubraha73@gmail.com — कैलुब्राह

# सरखारी कम्निसहर्को हलसभा

यतिखेर सरखारी कम्निस पाटीको 'बैठक' उर्फ हलसभा राजधानी खाल्टोमा रहेको सभाहलमा चलिरहेको छ । सरखारी कम्निस पाटी भएकाले सो हलसभाको सुरक्षा सरखारी बन्नुकधारीले गरिरहेका छन् । मन्चभित्रै रोष्टम समेतको सुरक्षा बन्नुकधारीले गरेका छन् । सरखारी र सरखारी दानापानीको गन्ध सुँघ्ने पत्रकारहर्ले सभाको पर्तक्ष प्रशारण गरेर देशविदेशमा जानकारी गराइरहेका छन् । सरखारी बन्नुकधारीहर्ले पर्तक्ष सुरक्षा गरेको हुनाले पनि यो बैठक नभएर हलसभा नै हो भन्ने कुरा प्रमाणित भएको छ । बैठकमा त कुनैपनि सङ्गठनका निश्चित सदस्यहर्को मात्रै सहभागिता हुन्छ । त्यो पनि गोप्य रूपमा हुन्छ । बैठकमा कस्ले केकुरा बोल्यो भन्ने कुरा बैठक कोठामा मात्रै सिमित हुनु पर्छ । तर सरखारी कम्निसको हलसभामा त पत्रकार, बन्नुकधारी, सभा हेर्ने दर्शकहरू पनि खचाखच भरिएका छन् । नेताका अगुवा पछुवा धुपौरेहर्को उपस्थिति छ । त्यसैले यो बैठक नभएर हलसभा नै हो भन्ने कुरा आठारै आना सही छ । आर्को कुरा चारपाँच सयजनाको बैठक हुँदैन । यो त सभा हुन्छ ।

मन्चतिर राजा महाराजाहरू बिराजमान छन् । यता हलतिर तिनका भक्तजनहरू खचाखच भरिएका छन् । खासमा पाटीका नेता भनेका मन्चतिर बसेका नौ थान मनुखेहरू मात्रै हुन् । नौ थान नेताका पनि मुख्खे नेता त दुईथान अध्यक्ष हुन् भन्ने कुरा सर्ब विधितै छ । नौ थान मध्य सात थानलाई राजा पनि भन्न सकिन्छ र दुई थान मुख्खेहर्लाई माहाराजा भन्न सकिन्छ । किनकि पाटीको आखिरी निर्ने गर्ने अधिकार तिनलाई मात्रै छ । बाँकी हलमा बसेका चार सय चालिस थान मनुखे भने भक्तजन हुन् । तिनीहर्को काम भनेको जिल्ला जिल्ला र गाउँ गाउँमा गएर दुईथान अध्यक्षको भजनकृतन गरेर दिन गुजारा गर्ने हो । जे होस् यतिखेर सरखारी पाटीको हलसभा चलिरहेको बारेमा दुईचार कुरा गर्नु यो कैलुको धरोधर्म रहेको छ ।

सो हलसभामा दुईथान माहाराजकै त्रफबाट दुईनम्बरी माहाराजले दस्ताबेज प्रस्तुत गरे । सो दस्ताबेजमा सभामा उपस्थित भक्तजनहर्लाई छलफल गर्न माहाराजहर्बाट आदेश बक्स भयो । आदेशानुसार चारसय चालिस थान भक्तहर्लाई पन्ध्रवटा गुट बनाएर छालफल गर्न भनियो । तीनचार दिन ती भक्तहर्ले छलफल गरे । त्यसपछि ती पन्ध्र थान गुटबाट चुनिएका गुटाधिशहर्बाट गुटीय धारणा राख्ने काम पनि सुसम्पन्न भयो । आज ती गुटाधिशले राखेका आपती, विपती र सहमतीमाथि दुईनम्बरी महाराजबाट जवाफ बक्स हुने कार्यतालिका छ । के कसो जवाफ दिने भन्ने बारेमा नौथाने राजा-महाराजहर्को खोपी बैठक प्रथम माहाराजको दरबार बाल्वाटारमा आज बिहान चलेका कुरा यो कैलुले सुटुक्क थाहा पाएको छ । त्यहाँको निस्कर्षपछि मात्रै हलसभामा गएर दुईनम्बरीले जवाफ दिने कार्यक्रम छ । पन्ध्रथान गुटाधिशबाट आएका आपती, विपती र सहमती यसप्रकार रहेका छन् -

- अमेरिकी महाप्रभुबाट आएको एमसिसि काट्टो सिधै खान नहुने । घुमाएर, थानी मण्डलीहलाई मन्साएर मात्रै घिच्नु पर्ने ।
- दुइटा खोलाबाट आएका भक्तहर्को पाटी एकता भएकाले दुबै खोलाकाले आआफ्नै पुराना खोलाका नाम लिन पाउनु पर्ने ।
- सरखार र पाटीको सम्बन्धमा कुकुरले पुच्छर नहल्लाएर पुच्छरले कुकुर हल्लाएको । अब उप्रान्त कुकुरले नै पुच्छर हल्लाउनु पर्ने ।
- भ्रष्टाचारीलाई खुत्रुक्कै मार्ने कानून बनाउनु पर्ने । पाटीका मनुखेहर्ले भ्रष्टाचार गर्दा कसैले थाहा नपाउने गरी गर्नु पर्ने ।
- दख्खिनका प्रभुले हाम्रो जग्गा जमिन हडपेको कुरालाई दुई थान महाराजहर्ले उनीसित खसाकखुसुक कानेखुसी गरेर हाम्रा रैतीहर्ले दाबी बिरोध नगर्ने गरी खाऊ भनेर कुरो मिलाउनु पर्ने ।
- महङ्गो चुनाउका कारण पाटी ठेकेदारहर्को कब्जामा जाने भएकाले हामी भक्तहलाई पनि सरखारबाट ठेकेदारको लाइसन मिलाईदिएर एकेक वटा ठूला ठेक्का मिलाइदिने व्यवस्था हुनु पर्ने । नत्र आर्को चुनाउमा हामी भक्तजन सबै बढारिने खतरा छ ।
- शिक्षा र स्वास्थ्यमा नेताले मात्रै लगानी गर्न नपाउने । हामी तलका रैथाने भक्तजनहर्लाई पनि लगानी गर्ने परिपाटी मिलाइदिनु पर्ने ।
- एकनम्बरी महाराजका कूलतिरकाले जनयुद्धबाट आएर धनयुद्धमा लागेका धनपतिलाई नेता मान्ने तर जनयुद्ध भन्न नरुचाउने यो कुरो ठिक भएन । साथै जनयुद्धमा लडेका र अहिले अलपत्र बनेर सडकछाप भएकालाई पनि उचित खानपिनको व्यवस्था हुनु पर्ने । (नोट यो कुरो दुईनम्बरी महाराजका कूलतिरकाले भनेको ।)
- गुट, उपगुट र महागुटहरू माथि मात्रै भएकाले यसलाई भुइँ तहसम्मै लैजानु पर्ने । नत्र माथि खारेज गर्नु पर्ने । यसले भक्तजनहर्लाई तल गएर भजन गाउन निकै अप्ठ्यारो भएको छ ।

यसरी नाना प्रकारका आपती विपती र सहमती आदि इत्यादि पन्ध्र थान गुटबाट गुटाधिशहर्ले मत राखेका थिए । अब त्यसको जवाफ दुईनम्बरी महाराज तथा जग्गा कारोबारी समेत रहेका भगवान विष्णुले दिने कार्यक्रम रहेको छ ।

इतिस्कन्धे माघ माहात्म्य, सरखारी कम्निस पुराणे हलसभा समाचारे शुभम् ।

*११ माघ २०७६*

# विश्वदृष्टिकोणमा रूपान्तरणका लागि पार्टी स्कुलिङ



● हस्तबहादुर के.सी. ●

"एकचोटि राजनीतिक दिशा निश्चित भएपछि कार्यकर्ताहरू निर्णायक तत्व हुन्छन् । अतः योजनाबद्ध तरिकाले ठूलो संख्यामा नयाँ कार्यकतारुलाई तालिम दिनु हाम्रो संघर्षमयी कार्य हो ।"

*– माओत्सेतुङ*

राष्ट्रिययुद्धमा चिनियाँ कम्युनिस्ट पार्टीको भूमिका (अक्टुबर १९३८)

विश्वदृष्टिकोण भनेको संसारलाई बुझ्ने, बदल्ने र बदलिएको वस्तुलाई संरक्षण गर्नु हो । वैज्ञानिक साम्यवादका सिद्धान्तकार कार्ल मार्क्स (१८१८ - १८८३) र फ्रेडरिक एंगेल्स (१८२० - १८९५) द्वारा सन् १८४८ फेब्रुअरी १२ का दिन जारी गरिएको विश्वविख्यात कम्युनिष्ट घोषणापत्र मार्फत विश्वसर्वहारावर्गको मुक्तिको सिद्धान्त मार्क्सवादको प्रतिपादन भयो । मार्क्सवादको दर्शन द्वन्द्वात्मक तथा ऐतिहासिक भौतिकवाद हो । यही द्वन्द्वात्मक तथा ऐतिहासिक भौतिकवाद नै विश्वसर्वहारावर्गको विश्व दृष्टिकोण हो । विश्वसर्वहारा वर्गका नेता-जोसेफ स्टालिनले " द्वन्द्वात्मक तथा ऐतिहासिक भौतिकवाद मार्क्सवादी-लेनिनवादी पार्टीको विश्वदृष्टिकोण हो ।" भन्नु भएको छ ।

मार्क्सवाद ऐतिहासिक आवश्यकता अनुसार विश्वसर्वहारा वर्ग र सिंगो मानव जातिकै मुक्तिको लागि जन्मिएको थियो । मार्क्सवाद विश्वराजनीतिकै रंगमञ्चमा एक स्वाधिन सैद्धान्तिक हतियार (शक्ति) को रूपमा देखा परे पछि विश्वसर्वहारा वर्गका लागि एक साँच्चिकै वैज्ञानिक दर्शनको खाचो पर्न गयो । त्यो एक प्रकारको ऐतिहासिक आवश्यकता थियो, जसको परिपूर्ति मार्क्सवादी दर्शन अर्थात द्वन्द्वात्मक तथा ऐतिहासिक भौतिकवादी दर्शनले गर्‍यो ।

एक पुरै वैज्ञानिक दर्शनको रूपमा मार्क्सवादी दर्शनले पुरानो पुँजीवादी विश्वको बिनास र नयाँ साम्यवादी विश्वको सृजनाका लागी अर्थात् विश्वको आमूल रूपान्तरणका लागि जब्बर सैद्धान्तिक जग प्रदान गर्न पुग्यो । अर्को शब्दमा विश्वको क्रान्तिकारी रूपान्तरण गर्ने ऐतिहासिक जिम्मेवारी बहन गरेको सर्वहारा वर्गको प्रयासलाई मार्क्सवादी दर्शनले सैद्धान्तिक तथा न्यायोचित आधार र निर्देशन प्रदान गर्‍यो । त्यसपछि सर्वहारावर्गले संसारलाई ठिकसित बुझ्ने र त्यसलाई बदल्ने एक अचूक वौद्धिक अस्त्र भेटाउन सफल भयो । भी.आई. लेनिनले त्यसको महत्वलाई यसरी दर्शाउनु भएको छ -"मार्क्सवादी दर्शन एउटा यस्तो परिपूर्ण दार्शनिक भौतिकवाद हो, जसले मानव जातिलाई खास रूपले मजदुर वर्गलाई ज्ञानका शक्तिशाली औजारहरू प्रदान गरेको छ ।"

जसले संसारलाई फेर्न चाहन्छ, विद्यमान यथार्थलाई फेरेर नयाँ यथार्थताको निर्माण गर्न चाहन्छ, उसले संसारलाई बुझ्नु, पर्दछ, जान्नु पर्दछ र त्यसलाई फेर्ने तरिका पनि जान्नु पर्दछ । यही सामर्थ्य मार्क्सवादी दर्शनले उसलाई दिन्छ । सर्वहारावर्गको लागि दर्शनको सबैभन्दा बढि महत्व रहेको हुन्छ भन्ने कुरालाई मार्क्स स्वयम्ले यसरी व्याख्या गर्नु भएको छ, "जसरी दर्शनले सर्वहारावर्गमा आफ्नो भौतिक हतियार भेटाउँछ, त्यसरी नै सर्वहारावर्गले दर्शनमा आफ्नो बौद्धिक हतियार भेटाउँछ ।"

त्यसैगरी मार्क्सवादको दार्शनिक पक्षको महत्वलाई माओत्सेतुङले यसरी दर्शाउनु भएको छ, -"मार्क्सवाद ज्ञानका अनेक शाखाहरूबाट बनेको छ, मार्क्सवादी दर्शन, मार्क्सवादी अर्थशास्त्र र मार्क्सवादी समाजवाद अर्थात् वर्ग संघर्षको सिद्धान्त तर जग चाहिँ मार्क्सवादी दर्शन हो । यदि त्यसलाई मनन् गरिँदैन भने हाम्रो एउटा साझा भाषा वा कुनै सोझा तरिका हुने छैन । हामी चिजहरूलाई स्पष्ट नपारिकन यताउताको कुरा तर्क मात्र गरिरहेका हुनेछौं । द्वन्द्वात्मक भौतिकवादलाई मनन् गरी सकेपछि थुप्रै दुःख कष्टबाट जोगिने छ र धेरै गल्तिहरू हट्ने छन् ।" मार्क्स, लेनिन र माओका भनाइहरू बढी सान्दर्भिक छन् ।

मार्क्सवादको प्रतिपादन र विकासकै क्रममा सन् १८७१ मा 'पेरिस कम्युन' को निर्माण हुन पुग्यो । यद्यपी पेरिस कम्युन ७२ दिनमै ढल्न पुगेको भए पनि त्यो विश्वसर्वहारावर्गका निम्ति एक युगान्तकारी परिघटना थियो ।

लेनिनको नेतृत्वमा रसियाली कम्युनिष्ट पार्टी (वोल्सेविक)ले सन् १९१७ अक्टुवर २५ मा महान् रुसी अक्टुवर समाजवादी क्रान्ति सम्पन्न भयो । अक्टुवर समाजवादी क्रान्ति एक युगान्तकारी परिघटना थियो, जसले पुरानो पुँजीवादी व्यवस्थाको चिहानमाथि उभिएर वैज्ञानिक समाजवादको जग खडा गरेको थियो । अर्थात सर्वहारावर्गको अधिनायकत्व सहितको नौलो संसारको सिर्जन ागर्ने कार्यमा एक ऐतिहासिक कार्यभार पुरा गरेको थियो । त्यसको प्रभाव संसारभरी फैलियो र त्यसपछि विश्वभरका विभिन्न मुलुकहरूमा एकपछि अर्को गर्दै धमाधम कम्युनिष्ट पार्टीहरू निर्माण हुन पुगे ।

त्यसै प्रक्रियामा पूर्वी युरोपका २० औं राष्ट्रहरूमा सोभियत मोडेलको समाजवादको स्थापना गरियो । सन् १९४५ मा उत्तर कोरिया र भियतनाममा जनवादी तथा समाजवादी क्रान्तिहरू सम्पन्न भए । त्यसै क्रममा सन् १९४९ मा माओ सेतुङको नेतृत्वमा चिनीयाँ कम्युनिष्ट पार्टीले महान् चीनीया नयाँ समाजवादी क्रान्ति सम्पन्न गर्‍यो । त्यसपछि कम्बोडिया, लाओस, क्यूवा लगायतका देशहरूमा क्रान्ति सम्पन्न भए । यसरी विश्वको आधा जनसंख्या कम्युनिष्टहरूको शासन प्रणाली अन्तरगत संकेन्द्रित हुन पुगे । यद्यपी आज रुस,चिन लगायत विश्वका सबै समाजवादी देशहरूमा प्रतिक्रान्ति हुन पुग्यो र आज संसारमा कहि पनि समाजवाद छैन ।

विश्व कम्युनिष्ट आन्दोलनको मूल समस्या भनेको विश्वदृष्टिकोणको समस्या हो । विश्वदृष्टिकोणको समस्याले गर्दा नै सोभियत संघ, पूर्वी युरोप, चीन, भियतनामलगायत विश्वकासबै समाजवादी देशहरूमा प्रतिक्रान्ति भएर पूँजीवादको पुनःस्थापना हुन पुग्यो । यही विश्वदृष्टिकोणमा रूपान्तरण नसक्नुका कारणले गर्दा नै पेस, नेपाल, टर्की, फिलिपिन्स, चिली, इन्डोनेसिया, निकारागुवा लगायतका देशहरूमा विजय सन्निकट पुगेका क्रान्तिहरू असफल भएका छन् ।

माथि पनि प्रसस्तै मात्रामा उल्लेख गरिएको छ, मार्क्सवाद भनेको कुनै जीवनहिन जडसूत्र होइन, बरु यो परिस्थितिको विकाससहित जीवन शैलीमा जीवन्त ढंगले अभिव्यक्त हुने दर्शन हो । जसले सिद्धान्तमा भौतिकवादको वकालत र जीवन शैलीमा अध्यात्मवादलाई पकडेर बस्छ त्यो मार्क्सवादी हुन सक्तैन । त्यो मार्क्सवाद हुन सक्तैन । यही समस्या समाधान गर्न कमरेड माओले सन् १९६६ देखि१९७६ सम्म चीनमा महान् सर्वहारा साँस्कृतिक क्रान्ति सञ्चालन गर्नु भएको थियो । दर्शनलाई जीवनमा लागु नगर्नु र जीवनमा आएको निरन्तर विकासको गतिलाई दर्शनमा नसमेट्नु नै प्रतिक्रान्तिको कारक बन्न जान्छ । रुस-चीन भियतनाम नेपाल लगायतका कम्युनिष्ट पार्टीहरू भित्र रहेको विश्वदृष्टिको रूपान्तरणको समस्या नै प्रमुख समस्याको रूपमा खडा हुन पुग्यो र ती देशहरूमा प्रतिक्रान्ति हुन पुग्यो ।

विश्वदृष्टिकोणमा रूपान्तरण गर्नका लागि क्रान्तिकारी कम्युनिष्ट पार्टीहरूले आफ्ना नेता कार्यकर्ताहरूलाई मार्क्सवादको मूल पाठ अर्थात् मार्क्सवादका आधारभूत सिद्धान्तहरू(दर्शन, राजनीतिक अर्थशास्त्र र बैज्ञानिक समाजवाद) को अध्ययन गर्ने, गराउने ठोस योजना गराउनु पर्दछ र पार्टी स्कुलिङ मार्फत दीक्षित तुल्याउनु पर्दछ ।

कम्युनिष्ट पार्टीहरूमा के कमजोरी पाइन्छ भने नेताहरूलाई होइन, कार्यकर्ताहरूलाईमात्र स्कुलिङ गर्नु पर्दछ, नेताहरूलाई होइन, कार्यकर्ताहरूलाई मात्र अध्ययन गराउनु पर्दछ भन्ने सोच हावी भएको पाइन्छ । यो सैद्धान्तिक र व्यवहारिक दुवै तरिकाले गलत छ । क्रान्तिकारी कम्युनिष्ट पार्टीहरूमा नेता र कार्यकर्ताहरू दुवैलाई पार्टी स्कुलिङ मार्फत मार्क्सवादका आधारभूत सिद्धान्तहरूका बारेमा ठोस योजना बनाएर स्कुलिङ गर्ने, अध्ययन गर्ने गराउने पद्धतिको विकास गर्ने र मालेमावादलाई जीवन शैली र जीवन पद्धतिका रूपमा ग्रहण गर्न सक्ने नेता तथा कार्यकर्ताहरू निर्माण गर्न जरुरी हुन्छ । किनभने नेतृत्वमा बसेका नेताहरूद्वारा नै प्रतिक्रान्ति हुने भएकोले नेता, नेतृत्वलाई नै बढि स्कुलिङ गर्न जरुरी हुन्छ । प्रतिक्रान्तिको मुख्य श्रोत र ताकत भनेको अवसरवाद हो र त्यो नेता, नेतृत्वमा वसेकाहरूमा नै पैदा हुने गरेको छ । कार्यकर्ताहरूबाट पनि प्रतिक्रान्तिलाई सहयोग पुगेको हुन्छ, तर त्यो गौण हुन्छ । कम्युनिष्ट पार्टीमा मुख्य त नेतृत्व नै हुन्छ ।

यहाँनेर स्मरण गर्न लायक छ कि हेगेलको आदर्शवादी द्वन्द्ववाद, फायवाखको अधिभूतवादी भौतिकवाद, काण्टको अज्ञेपवादी आदर्शवाद र प्रुँधो - बाकुनिनको अराजकता वादी व्यक्तिवादका विरुद्ध भीषण संघर्षका बीचबाट द्वन्द्वात्मक तथा ऐतिहासिक भौतिकवादी विश्वदृष्टिकोणको संश्लेषण गरे पछि मात्र मार्क्स-एंगेल्सले यसलाई जीवन व्यवहारमा लैजान विश्वविख्यात कम्युनिष्ट घोषणापत्र जारी गर्नु भएको थियो । यहाँ भन्न खोजिएको सवाल के हो भने विश्वदृष्टिकोणमा स्पष्ट भए पछि मात्र उहाँहरूले कम्युनिष्ट लिगको तर्फबाट कम्युनिष्ट घोषणापत्र लेख्नु भएको थियो र जारी गर्नुभएको थियो ।

रुसमा क्रान्ति पूर्व लेनिनले पार्टी स्कुलिङ मार्फत विश्वदृष्टिकोणमा रूपान्तरण सहितका हजारौं, लाखौं, नेता, कार्यकर्ताहरू निर्माण गरेर नै महान रुसी अक्टुवर समाजवादी क्रान्ति सम्पन्न गर्न सफल हुनु भएको थियो ।

त्यस्तै चीनमा क्रान्ति पूर्व नै कमरेड माओ सेतुङले चिनिया समाजको वर्ग विश्लेषण १९२६ व्यवहारबारे १९३७ अन्तरविरोध वारे १९३७ नौलोजनवाद वारे १९४० उदारतावादको विरोध गर, मनोगतवादको विरोध गर, घिसेपिटे पार्टी लेखनको विरोध, युवा आन्दोलनको दिशावारे १९३९ जस्ता दार्शनिक सैद्धान्तिक व्यवहारिक लेख रचनाहरू सिर्जना गरेर, तीन आठका नियमहरू निर्माण गरेर आफूले पनि पालना गर्ने र पार्टी स्कुलिङ मार्फत् पार्टीका बैठकहरू, प्लेनमहरू यनान गोष्ठिहरू मार्फत हजारौ लाखौको संख्यामा नेता, कार्यकर्ताहरूलाई दह्रोसित स्कुलिङ गरेर विश्वदृष्टिकोणमा रूपान्तरण गराएर हजारौ लाखौको संख्यामा नेता कार्यकर्ताहरू निर्माण गरेर मात्रै आफ्नै नेतृत्वमा सन् १९४९ मा महान् चीनीयाँ जनवादी क्रान्ति सम्पन्न गर्न सफल हुनु भएको थियो । यो इतिहास जगजाहेर नै छ ।

नेपालमा पनि महान् दश वर्षे जनयुद्ध प्रति क्रान्तिको नेतृत्व गरेर आएको मुख्य नेतृत्वबाट प्रतिक्रान्ति भएर महान नेपाली क्रान्तिको महान यात्रामा जुन दुःखद परिघटना घटित हुन पुग्यो र क्रान्ति प्रति गंभीर प्रकृतिको क्षति हुन पुग्यो यसको मुख्य कारक माओवादी आन्दोलन भित्र नेता- कार्यकर्ताहरूमा पार्टी स्कुलिङ मार्फत विश्वदृष्टिकोणमा रूपान्तरण गराउन नसक्नु नै रहेको छ ।

महान् दश वर्षे जनयुद्धको प्रक्रियामा हजारौंको संघर्षमा नेता, कार्यकर्ताहरूलाई युद्ध प्रति समर्पित भएर लाग्ने र होमिनेसम्म बनाइयो, जसका कारण दश वर्षे जनयुद्धको ठूलो विरासत बन्न पुग्यो तर जनयुद्धको नेतृत्व गर्दै आएको मुख्य नेतृत्वले प्रतिक्रान्तिको लाइन पक्रन गए पछि दशवर्षे जनयुद्धमा समर्पित भएर आएका हजारौ नेता, कार्यकर्ताहरू त्यही प्रति क्रान्तिकारी नेतृत्वको पछि लागेर प्रतिक्रान्तिलाई सहयोग पुऱ्याउन पुगे । यो परिघटा नेपालको लागि मात्रै नभएर विश्व कम्युनिस्ट आन्दोलनकै लागि नौलो परिघटना हो । पार्टी स्कुलिङमार्फत पार्टीले मालेमावादका आधारभूत सिद्धान्तले लैस भएका नेता-कार्यकर्ता निर्माण गरेको भए आज हजारौँको संख्यामा ती पुराना माओवादी नेता-कार्यकर्ताहरू एमालेमा विलय हुने थिएनन् । यो द्वन्द्ववादलाई माओवादी क्रान्तिकारी कम्युनिस्टहरूले बुँदा हृदयंगम गर्न जरुरी छ ।

यहाँनेर भन्न खोजिएको सवाल के हो भने दश वर्षे जनयुद्धको अवधिभर पार्टीले आफ्ना नेता कार्यकर्ताहरूलाई पार्टी स्कुलिङ मार्फत विश्वदृष्टिकोणमा रूपान्तरण गराउनतीर ध्यान पुऱ्याउन सकेन र प्रतिक्रान्तिको लाइनमा खडा भएको मुख्य नेतृत्वले गलत स्कुलिङ गरेकै कारण दश वर्षे जनयुद्धबाट आएका हजारौ नेता कार्यकर्ताहरूले प्रति क्रान्तिलाई सघाउन मात्र पुगेनन् कि आज प्रतिक्रियावादीमा परिणत भएको एमालेभित्र छिरेर कमाउ खाउ मोजमस्ती गर्दै भ्रष्टीकरणमा डुबेका छन् र नेपाल कम्युनिस्ट आन्दोलन कलंकित तुल्याइरहेका छन् । नेतृत्वले गलत स्कुलिङ दिएकै कारण कार्यकर्ताहरू बिग्रिन पुगे अर्थात् स्कुलिङकै अभावले आज माओवादी आन्दोलन विसर्जित हुन पुगेको छ र दस वर्षे जनयुद्धको बेला नेता, कार्यकर्ता र परिवारजनलाई मार्क्सवादको आधारभूत सिद्धान्तको बारेमा स्कुलिङ नगराइनु नै माओवादी आन्दोलन विसर्जनको कारक तत्व बन्न पुग्यो । यसले नेपाली क्रान्तिलाई गंभीर क्षति पुऱ्यायो ।

एउटा क्रान्तिकारी कम्युनिस्ट पार्टीले लिएको नीति, कार्यक्रम, सिद्धान्त, विचार, दर्शन र कार्यदिशका आधारमा पार्टी स्कुलिङद्वारा मालेमावादका आधार भूत सिद्धान्तले लैस बनाइएका नेता कार्यकर्ताहरूको अभावमा क्रान्तिलाई विजयसम्म पुऱ्याउन सम्भव हुँदैन । यसको शिक्षा हामीले नेपालकै दस वर्षे जनयुद्धकै विसर्जनबाट लिन आवश्यक छ ।

विश्व कम्युनिष्ट आन्दोलन र हाम्रै देश नेपालको कम्युनिष्ट आन्दोलनबाट शिक्षा लिएर हामी माओवादी क्रान्तिकारीहरू अब पार्टी स्कुलिङ मार्फत नेता, कार्यकर्ताहरूको विश्वदृष्टिकोणमा रूपान्तरण गरेर हजारौं लाखौको संघर्षमा मालेमावादका आधार भूत सिद्धान्तहरूले त्यसै भएका नेता, कार्यकर्ताहरू निर्माण गरेर पार्टीले वैज्ञानिक ढंगले, योजनाबद्ध ढंगले कार्यमा उचि विन्यास गरेर मात्र महान नेपाली नयाँ जनवाद क्रान्ति सम्पन्न गर्न युद्ध हुन जरुरी छ ।

अब माओवादी क्रान्तिकारीहरूले आम पार्टी पंक्ति भित्र, हर पार्टी, सदस्य र तिनका घर घरमा सांस्कृतिक क्रान्ति सहितको विश्वदृष्टिकोणमा रूपान्तरणको लागि पार्टी स्कुलिङको जरुरी छ ।

# राष्ट्रिय स्वाधीनता जोगाउनु हाम्रो दायित्व

*हाम्रो स्वाधीनता माथि आउन लागेको अर्को सङ्कट हो एमसीसी (सहस्राब्दी चुनौती निगम) । यो परियोजना सिंहदरबारको ढोकामा उभिएको छ । यो भनेको अमेरिकी सैन्य रणनीति हो । अर्थात इन्डो प्यासिफिक स्टाटिडिथिको एउटा अङ्गक हो । जुन अमेरिकी सैन्य रणनीति मिल्दछ । प्रशान्त महासागरीय क्षेत्रमा भारतसँग जोडिएका मुलुकलाई आफ्नो सैनिक छाता भित्र मजबुत बनाउनु हो । यसको अर्को उद्देश्य भनेको विश्व बजारमा शक्तिशाली उपस्थिति कायम गर्दै आएको चीनलाई घेराबन्दी गर्नु र कमजोर पार्नु पनि हो ।*

● **मोदनाथ मरहट्ठा**

नेपाल एक स्वतन्त्र र अखण्ड राष्ट्र हो । इतिहासमा राम्रा नराम्रा घटनाहरूले प्रस्रय पाए पनि यो मुलुकको सार्वभौमिकता अखण्ड रहँदै आएको छ । इतिहासमा कैयौं पुर्खाहरूको देशभक्तिपूर्ण वीरगाथा पढ्दा हामी गौरवान्वीत हुन्छौँ । मुलुक भित्र रहेको जनविरोधी प्रवृत्ति र घटनाहरूको विरुद्ध देशभक्तिपूर्ण आन्दोलनहरूको साक्षी हाम्रो इतिहास छ । मुलुक परिवर्तनका लागि धेरै पटक आन्दोलनहरू भए धेरै योद्धाहरूले रगत बगाए । राज्य व्यवस्थामा आंशिक परिवर्तन पनि भयो । दुई ठूला छिमेकी राष्ट्रहरूको बिचमा रहेको हाम्रो देश आफ्नो स्वाभिमान कायम राख्न संघर्सरत छ । अहिले मुलुकले वेहोरेको स्वाधिनता विरोधी गतिबिधिले भने हामीलाई सोच्न बाध्य बनाएको छ ।

१) डिसेम्बर २, १८१५ मा हस्ताक्षर भई कार्यान्वयनमा आएको सुगौली सन्धीमा कायम भएको नेपाली भूभाग माथि त्यही सन्धी पत्रमा हस्ताक्षर गर्ने एउटा मुलुकले पटक-पटक उलङ्घन गर्दै आएको छ । कहिले सुस्ताको भूभाग, कहिले सप्तरीको तिलाठी, कहिले कञ्चनपुर लगायतका सयौँ ठाउँमा सिमा अतिक्रमण गरेको छ । पछिल्लो चरणमा उत्तर पश्चिम सिमानाको कालापानी, लिपुलेक र लिम्पियाधुराको भूभाग आफ्नो आधिकारिक नक्सामा भारतले प्रकाशन गरेपछि सिङ्गो मुलुक तरङ्गीत भएको छ । यस घटनाले राष्ट्रप्रेमी नेपालीहरूद्वारा पटकपटक विरोध जनाउँदै आइरहेका छन् । तर उसको हेपाहा प्रवृत्ति रोकिएको छैन । तसर्थ जनस्तरबाट यो मुद्दालाई सशक्त रूपमा उठाउनुपर्ने देखिन्छ ।

२) मुलुकलाई समुन्नत बनाउन स्वदेशी उद्योगहरू फस्टाउन जरुरी छ । तर हामीकहाँ भने भएका ठूला उद्योगहरू रुग्ण बन्दै जाने र राष्ट्रिय पुँजीपतिहरूलाई बिचौलीया र नोकरशाही पुँजीले विस्थापन गर्ने प्रवृत्ति बढेर गएको छ । यसले स्वदेशी पुँजी निस्क्रिय र पलायन हुनुपर्ने बाध्यत्मक स्थिति आइपरेको छ । विश्वबजारमा हावी हुँदै आएको उपभोक्तावादले दीर्घकालिन उपभोग्य वस्तुको उत्पादन भन्दा भोग र नष्ट गर भन्ने मान्यतालाई बिना रोकतोक भित्रिन दिनुले मुलुकको स्वभीमानमा आँच आउन थालेको स्पष्ट देखिन्छ । यस्तो घातक प्रवृत्तिलाई सन्तुलनमा राख्न सकिएन भने हाम्रो पहिचान गुम्ने खतरा बढेर जान्छ । त्यसकारण हामी बेलैमा सजग हुनु आवश्यक छ ।

३) राष्ट्रिय स्वाधिनता माथि पर्दै आएको अर्को खतरा प्रशासनिक र राजनैतिक क्षेत्रमा देखिएको आर्थिक बिचलन वा अपचलन हो । यसलाई भ्रष्टाचार पनि भनिन्छ । यस्तो प्रवृत्ति यति धेरै मौलाएको छ कि जतिजति सरकारहरू फेरिन्छन् उतिउति यसको चरित्र फेरिन्छ । भन्सार छलेर सामान भित्र्याउनु, ठूला घरानाका व्यवसायीहरूलाई यो वा त्यो बाटोबाट कर छल्न सहज बनाउनु, राजनैतिक र प्रशासनिक शक्तिको चरम दुरूपयोग हो । लोकतन्त्र उपयोगको नाममा जनप्रतिनिधि बन्न पनि आर्थिक चलखेल जस्ता विषयहरू भित्रिनुले राज्य व्यवस्थाकै दुरूपयोग भएको ठहर छ । यसरी शक्तिको दुरूपयोग हुँदै जाँदा अराजकता सिर्जना हुने र मुलुक भाडामा जनप्रतिनिधिहरू पाइने उखानसँग मिल्न सक्छ । तसर्थ यो प्रवृत्ति रोक्नका निमित्त जन दवावको जरुरत पर्दछ ।

४) हाम्रो स्वाधीनता माथि आउन लागेको अर्को सङ्कट हो एमसीसी (सहस्राब्दी चुनौती निगम) । यो परियोजना सिंहदरबारको ढोकामा उभिएको छ । यो भनेको अमेरिकी सैन्य रणनीति हो । अर्थात इन्डो प्यासिफिक स्टाटिडिथको एउटा अङ्गक हो । जुन अमेरिकी सैन्य रणनीति मिल्दछ । प्रशान्त महासागरीय क्षेत्रमा भारतसँग जोडिएका मुलुकलाई आफ्नो सैनिक छाता भित्र मजबुत बनाउनु हो । यसको अर्को उद्देश्य भनेको विश्व बजारमा शक्तिशाली उपस्थिति कायम गर्दै आएको चीनलाई घेराबन्दी गर्नु र कमजोर पार्नु पनि हो । यसले नेपाललाई रणभूमि पो बनाउन लागिएको हो की, भन्ने सङ्का गर्ने ठाउँ देखिन्छ । अहिले राष्ट्रिय तहमा नै यो परियोजना लिन हुन्छ र लिन हुँदैन भन्ने तिब्र बहस भइरहेको बेला यसको साङ्ग पाङ्ग अध्ययन गर्दा यो सम्झौता राष्ट्रघात उन्मुख छ भन्ने देशभक्त स्वभिमानी नेपालीहरूको ठहर छ । तसर्थ यसलाई रोक्न जनदवावको जरुरत पर्दछ ।

यो बाहेक कतिपय असमान सन्धि सम्झौताहरू नदी, बिजुली जस्ता परियोजना र विकासका नाममा आउने अनुदानहरू राष्ट्रहित विरोधी छन् । धर्मका नाममा हुने घुसपैठ, कलासाहित्यका माध्यमबाट भित्रिएको विकृति, रोजगारीका नाममा हुने मानव तस्करी जस्ता विषयहरूले हाम्रो राष्ट्रिय स्वाधिनता र स्वाभिमान माथि हस्तक्षेप हुँदै आएको छ । अहिले आफूलाई कम्युनिष्ट भन्न रुचाउने शक्तिहरू सत्तामा छन् । तर उनिहरूले मुलुक भित्र भइरहेका यस्ता स्वभिमान विरोधी हर्कतहरूलाई रोक्न दिशा तर्फ कुनै पनि कदम चालेको देखिँदैन । जनमतको सर्वोच्चता दावी गर्ने तर आफ्नो वर्गीय चरित्रबाट स्खलित हुने परिपाटीले मुलुक आक्रान्त छ । शक्ति राष्ट्रहरूले साना राष्ट्रहरूमाथि दया, मायाको नाममा गरिने दान, सहयोगको अन्तरवस्तु बुझ्न नसक्नु, धाकधम्की र रवाफको विरुद्ध बोल्न नसक्नु जस्ता चरित्रले वर्तमान सत्ता निरिह बनेको प्रतित हुन्छ । तसर्थ आम देशभक्तहरूले झण्डा हेरेर होइन एजेण्डा हेरेर सरकारलाई दवाव सिर्जना गर्नु अनिवार्य आवश्यकता बनेको छ । त्यसका लागि देशभक्तिपूर्ण आन्दोलन र एकता जरुरी छ ।

*(रत्ननगर उद्योग वाणिज्य संघ चितवनको सभाहलमा आयोजित देजमो, राजमो र मालेको संयुक्त आयोजनामा प्रस्तुत अवधारणापत्र)*

# नेपालमा आइएनजिओमार्फत आउने वैदेशिक सहयोगले भित्र्याएका नकारात्मक पक्षहरू



● हुकुमबहादुर सिंह ●

**देशको शासन संयन्त्रमा भएको भ्रष्टाचारी मानसिकता, अपारदर्शिता, नातावाद, कृपावादले जकडिएको अवस्था र आफ्नै उत्पादनमुखी अर्थतन्त्रभन्दा अरूको कृपा र आशामा बन्ने आर्थिक नीतिले गर्दा देशको कहालीलाग्दो परिवेश आएको छ । यसरी एकातिर देशीय आत्मसमर्पणवाद र अर्कोतिर साम्राज्यवादी परनिर्भरताले गर्दा स्वाभिमानी जनताहरूलाई मार परिरहेको छ । यसको मतलब आइएनजिओमार्फत् आउने वैदेशिक सहयोग ल्याउनै नहुने भनेको होइन तर त्यसको उपयोग विदेशी स्वार्थअनुरूप नभै राष्ट्रिय हितअनुरूप गर्नुपर्दछ**

रूपमा नेपालको सामुदायिक विकासका लागि वैदेशिक सहयोग ल्याउने उद्धेश्यका साथ नेपालमा आइएनजीओको प्रवेश भएको हो । नेपालमा यसको सुरुवात २०३४ सालतिरबाट भए तापनि आइएनजिओबाट वा विदेशी दाताबाट ठूलो मात्रामा राष्ट्रिय एनजिओलाई सन् १९९७ बाट लगानी गर्दै आएको पाइन्छ । त्यसवर्ष(सन् १९९७ ) मात्र १५० मिलियन अमेरिकी डलर एनजिओमार्फत् प्रदान गरेको पाइन्छ । त्यस्तै करिब ४ अरब बराबरको रकम विसं २०६४ सालमा एनजिओमार्फत् लगानी भएको छ । यसरी सहयोग गर्ने आइएनजिओहरूले उक्त रकम स्थानीय साझेदारी सङ्घसंस्था( एनजीओ)मार्फत् लगानी गरेका छन् ।

हाम्रो देशको परिवेशमा समाजकल्याण परिषद्मा मात्र दर्ता भएर काम गरेका संस्थाहरू मुलुकभर ४९००० भन्दा वढी छन् । जसले वार्षिक २४ अर्व नेपाली रूपीया बराबरको कारोबार गर्छन । यस्ता आएएनजीओ नेपालमा २३०वटा दर्ता भएका छन् । उनीहरूले मुलुकभर वाषिक नेपाली रूपीयाँ २६ अर्व बराबरको कारोवार गर्छन । यी दुवै जिल्ला प्रशासन कार्यालयमा दर्ता गरिन्छन् तर अब सरकारले नयाँ नीति र नयाँ संघसंस्था दर्ता ऐन ल्याउदैछ,जसअनुसार अब भने संघसंस्था दर्ता संघ, प्रदेश र जिल्ला तिनै तहमा दर्ता हुन सक्नेछन् ।

कानुन आयोगले संघसंस्था दर्ता तथा नविकरण सम्वन्धी ऐनको मस्यौदा तयार पारेको छ । जसअनुसार स्थानीय तहभित्र रहेर कामगर्ने गैरसरकारी संस्थाले सम्वन्धित स्थानीय तहमै पुगेर संस्था दर्ता तथा नविकरण गर्न पर्नेछ । प्रदेश स्तरिय काम गर्न चाहनेले सम्वन्धीत प्रदेश सरकाको आधिकारिक निकायमा दर्ता र नविकरण गर्ने छन् । देशव्यापी कामगर्नेले संघीय सरकारको आधीकारिक निकायमा दर्ता र नविकरण गर्ने छन् ।

त्यसभन्दाबाहेक संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रम(युएनडिपी),एशियाली विकास बैंक(एडिबी), विश्व बैंक(डब्लुबि), युरोपियन युनियनआदिमार्फत् आउने सहयोगको बारेमा एकिन नै छैन । विभिन्न मन्त्रालयमार्फत् आउने सहयोगहरूको कुनै लेखाजोखा पाइन्न । ३५०वटा आइएनजिओमध्ये करीब १००वटा त अमेरिकी सहयोगमा सञ्चालित आइएनजीओहरू छन् भने अन्यमा बेलायत, फ्रान्स, जापानआदि रहेका छन् ।

यसरी विदेशबाट आएको सहयोगको पारदर्शी तरिकाले सदुपयोग भएको छ त ? त्यसबाट प्राप्त परिणामले के अनुमान गर्न सहज बनाएको छ भने भएको छैन । जुन उद्देश्यले आइएनजिओको लगानी गर्ने गरे तापनि त्यसलाई देश र जनताको हितमा कसरी प्रयोग गर्नुपर्दछ भन्ने नै हो । अहिले हाम्रो परिवेशमा आइएनजिओहरूको लगानीलाई निषेध गर्न सक्ने अवस्था देखिंदैन । त्यसैले उनीहरूको लगानीलाई कसरी दिगो विकास, आत्मनिर्भर आर्थिक संरचना, उत्पादनको वृद्धि प्रविधिको विकास र प्रसार आदि गर्न सकिन्छ भन्ने नै प्रमुख कुरा हो । त्यसैले अबको परिवेशमा यस्ता लगानीहरू स्वाधीन र आत्मनिर्भर आर्थिक संरचनाको विकास, भौतिक संरचनाको निर्माण, दिगो विकास, उत्पादनमा वृद्धि, नयाँ प्रविधिको विकास र प्रसार आदि जनताको प्रत्यक्ष सहभागितामा एउटा निश्चित प्रणालीमा ल्याएर गर्न उचित हुन्छ । अहिले समयको सञ्चालन विधिलाई परिवर्तन गरेर जनमुखी र स्वाधीनतालाई मध्यनजर गर्दै जनताको निगरानीमा पारदर्शी तरिकाले परिचालन गर्ने नीति लिनुपर्दछ । जसले गर्दा जुन वर्ग र समुदायको नाममा आएको पैसा हो, त्यही वर्ग र समुदायको विकासमा प्रयोग हुने वातावरण बनाउनुपर्दछ ।

आजको दुनियामा वैदेशिक सहयोग कुन माध्यमबाट सही र पारदर्शी ढङ्गले जनताको माझमा पस्कने हो भन्ने प्रश्न नेपालजस्तो भ्रष्टाचारले जकडिएको वर्तमानको संरचनाभित्र यो एउटा जटिल प्रश्न बनेर उभिएको छ । साम्राज्यवाद आइएनजीओमार्फत समाजवादी सत्तामा छिरेर जसरी अन्तरध्वंश गराउन सफल भयो, त्यसरी नै क्रान्तिकारी जनसमुदायमा भ्रम पैदा गरेर क्रान्तिबाट विमुख पार्ने प्रयास पनि काफी मात्रामा भएका छन् । क्रान्तिलाई खतम पार्न क्रान्तिकै नाराको खोलभित्रबाट आइएनजिओले आफ्ना योजना तय गरेका हुन्छन । समाज, संस्कृति र चिन्तनलाई टुक्र्याएर खण्डित गरी दिग्भ्रमित गर्ने साम्राज्यवादी योजनालाई क्रान्तिकारीहरूले प्रतिवाद गर्न कुन विधि अपनाउनुपर्दछ यो प्रश्न ज्वलन्त बनेको छ । यसको लागि इतिहासमा क्रान्तिकारी आन्दोलनले विकास गरेको विधिमात्र हामीलाई प्रर्याप्त छैनन् । क्रान्तिकारी आन्दोलनभित्र देखिएको जडता, रुढिवादी सङ्कीर्णता आफैंमा घातक भएको पनि देखिएको छ भने उदारताको नाममा देखा परेको प्रवृत्तिले समाजवादी पार्टी र आन्दोलनलाई नै ध्वस्त पारेको अनगिन्ति उदाहरणहरू छन । विज्ञान र प्रविधिले विकास गरेको उपलब्धिलाई प्रयोग गर्ने उपयुक्त बाटो क्रान्तिकारी कम्युनिस्टहरूले विकसित गर्न सकिएन भने साम्राज्यवादले आमश्रमजीवी जनतालाई सधैं दासताको जञ्जिरमा राख्ने सम्भावना प्रचुर मात्रामा देखिएको छ । त्यसैले आर्थिक, सामाजिक र सांस्कृतिक विकासमा आइएनजिओले प्रदान गर्ने सहयोगलाई जनता र दिगो सामाजिक रूपान्तरणको पक्षमा ल्याउन क्रान्तिकारी पङ्क्तिले एउटा खाकाको निर्माण गर्नु जरुरी छ । यसको लागि एउटा बृहत् छलफल र बहसको खाँचो छ । यसरी साँगुरो घेराभित्रबाट मात्र हैन, फराकिलो दृष्टिकोणसहित अगाडि बढ्नु जरुरी छ । यसमा पुँजीवादको विरोधको नाममा देखिएको सङ्कीर्णताले सकारात्मक उपलब्धिलाई तिलाञ्जली दिने खतरा पनि देखिन्छ । यी दुबै अतिबाट जोगिएर सही र सकारात्मक उपलब्धिलाई क्रान्तिको पक्षमा, सामाजिक रूपान्तरणको पक्षमा लगाउने र नकारात्मक चीजहरूलाई विरोध गर्ने कुरामा विरोध गर्दा ध्यान दिन जरुरी छ । अब प्रतिक्रान्तिकारी किल्लामा पनि अन्तरध्वंश किन नगर्ने, अन्तरविरोधलाई सृजना गराएर किन परिचालन नगर्ने, मानवसभ्यतामा विकास भएको कुरालाई समुन्नत समाज निर्माण गर्न किन प्रयोग नगर्ने, इत्यादि कुराहरूमा ध्यान दिन जरुरी छ । आइएनजिओहरूको प्रयोग गर्ने सवालमा जनता, समाज र राष्ट्रिय हितमा प्रयोग गर्नको लागि नयाँ प्रणालीको विकास किन नगर्ने भन्ने बहस पनि सुरु भएका छन् । नेपालजस्ता गरीब देशका लागि वैदेशिक सहयोग लिनुपर्ने बाध्यात्मक परवेश छ । त्यसैले पनि नयाँ सोचको आवश्यकता भएको छ । त्यसैले, उत्पादनमूखी भौतिक पूर्वाधारको निर्माण, प्राविधिक र वैज्ञानिक जनशक्ति निर्माणजस्ता काममा आइएनजीओको सहयोगको उपयोग गर्ने हो भनेमात्र यसले राम्रो प्रतिफल दिन्छ भन्ने सोंचको पनि विकास भएको पाइन्छ ।

के स्पष्ट हो भने साम्राज्यवादले आफ्नो दादागिरीलाई विश्वका देशहरूमा फैलाउनका लागि सबैभन्दा राम्रो माध्यम अहिले एनजीओ/आइएनजिओ भएका छन् । विकासको नाममा कम लागत र नोक्सानीमा अन्य देशलाई अतिक्रमण गर्ने बलियो हतियार कुटनीतिक पहलबाट स्वतन्त्र देशमाथि राजनीतिक सामाजिक, सांस्कृतिक, आर्थिक हस्तक्षेपबाट सजिलै अल्पविकसित देशलाई आफ्नो नियन्त्रणमा राख्न आज साम्राज्यवाद सफल देखिएको छ ।

१९८०-९० को दशकमा नवउदारीकरण९ल्भय(ष्दिभचबष्शिबतष्यल० को नाराले संसारभर आफ्नो एकछत्र रजाईको गुरुयोजनाको स्वरूपअनुसार तेस्रो विश्वका देशमा आइएनजिओको उपस्थिति घनीभूत बनाउदै लगिएकोछ भने ती देशहरूमा एनजिओहरूको स्थापना पनि व्यापक हुँदै गएको छ । खासगरी जब साम्राज्यवादले भियतनाम युद्धमा हारेपछि विश्व बैंक(ध्यचमि द्यबलप)को योजनामा आफूलाई पुनःसङ्गठित गर्न र विश्वका जनतासामु उपस्थिति गराउनको लागि यो नवउदारीकरणको नारा अगाडि ल्यायो । खासगरी सामाजिक सेवाको गुलियो नाराको खोलभित्रबाट आमजनताको दिमागमा साम्राज्यवादी दुषित हावा छिराउन आइएनजिओहरू अगाडि आए ।

जनताको जनजीविकासँग मिल्ने खालका नाराहरू तय गरेर आमशोषित पीडित जनताहरूमा आफूलाई स्थापित गर्ने जमर्को उनीहरूले गरिरहेका हुन्छन । खासगरी यथास्थितिवादलाई भरथेग गर्दै साम्राज्यवादी आर्थिक सामाजिक, सांस्कृतिक संरचनालाई अल्पविकसित समाजमा स्थापित गराउने काम यसले प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा गरेको हुन्छ । हरेक देशको राजनीतिक प्रणालीसँग पुँजीवादी चिन्तन प्रणालीको तर्फबाट वहन गर्ने उपयुक्त माध्यम विभिन्न नामका आइएनजिओहरूले नै गरिरहेका छन् । खासगरी प्राकृतिक स्रोत र साधनलाई आफ्नो अनुकूलतामा कसरी प्रयोग गर्ने र उक्त समाज आफ्नो देशको उत्पादनको बजारको रूपमा प्रयोग गर्न सकिन्छ र अर्को कुरा अनुसन्धानको क्रममा कतिपय मानवीय दृष्टिले अति संवेदनशील कुराहरूको प्रयोगशालाको रूपमा प्रयोग गर्ने काम पनि आइएनजिओको तर्फबाट सहयोग पनि भइरहेका छन् ।

आइएनजिओले आफूलाई गैरराजनीतिक भन्ने गर्दछ तर यसले यथास्थितिवादी मन्दविष अल्पविकसित देशका जनताहरूलाई पिलाइरहेको हुन्छ । गैरराजनीतिकको नाममा आइएनजिओहरू वर्गीय रूपमा सम्भ्रान्तवर्गको राजनीतिमा सक्रिय रहेका हुन्छन् । यसको ज्वलन्त उदाहरण त नेपालको परिप्रेक्ष्यमा आइएनजिओका राष्ट्रिय अफिसहरूमा भएका सम्भ्रान्तवर्गका मानिसको बर्चस्व रहनु नै काफी हुन्छ भने स्थानीयदेखि राष्ट्रियस्तरसम्मका एनजिओका प्रमुखहरू पनि सम्भ्रान्तवर्ग नै हुन् र उनीहरूको नाममा एनजीओको खेती मौलाएको हुन्छ । खासगरी समाजमा रहेको वर्गअन्तरविरोधलाई समन्वयमा ल्याएर तत्कालका शासकहरूलाई ऋणी बनाउने काम आइएनजिओहरूले गरेका छन् । जसले गर्दा वर्गसङ्घर्षको चेतनालाई मत्थर पारोस् र वर्गसमन्वयको चेतनालाई बढाओस् । शोषित-पीडितहरूलाई शोषकवर्गका विरुद्ध हुनसक्ने सङ्गठित आन्दोलनलाई फुटाएर तुहाउने जमर्को उनीहरूले गरिरहेको हुन्छ र उत्पीडितवर्गका जनसमुदायलाई सम्भ्रान्तवर्गसँग आत्मसमर्पण गराउन प्रयत्नशील रहेका हुन्छन् । खासगरी समाजमा रहेको वर्गीय अन्तरविरोधको कारणको उत्खनन गरेर बुझ्नुको सट्टा सतही रूपमा बुझ्ने, समग्रमा बुझ्नुको सट्टा विखण्डित गरेर बुझ्ने र समग्रलाई निषेध गर्दै अंशलाई प्राथमिकता दिने, सङ्घर्षलाई निषेध गर्दै समन्वयलाई प्राथमिकता दिने आदिजस्ता चिन्तनको स्रोतको रूपमा आइएनजिओको नीति तथा कार्यक्रम पाइन्छन । सामाजिक र सांस्कृतिक रूपमा यसले समाजमा रहेका समस्याको सृजनशील समाधानभन्दा आयातीत गरिएको चिन्तन र सोचले स्थानीय संरचनागत बनावटलाई प्रतिस्थापित गरेको हुन्छ । स्थानीय स्रोतसाधनको सुदृढीकरण र विकासभन्दा आयातीत सोचलाई लाद्ने काम तीव्र गतिमा गरिएको हामी पाउँदछौं । यद्यपि सबै आइएनजिओहरूको त्यही नियत नहुन सक्छ तर पनि समाजमा हामीले अधिकांश आइएनजिओले निर्माण र उत्पादनभन्दा बढी समुदाय र समाजको चेतनाविकासको नाममा आएका आइएनजिओहरूलाई के भन्ने ? राजनीतिक रूपमा आइएनजिओहरूले देशको आन्तरिक मामलामा हस्तक्षेप गर्ने राम्रो राम्रो हतियारको रूपमा प्रयोग गरेको पाइन्छ । नेपाली जनतालाई प्रजातन्त्र सिकाउनको लागि मात्र भनेर पनि यहाँ अमेरिका समर्थित आइएनजिओहरू काफी मात्रमा पाइन्छन् । आइएनजिओका एजेन्टहरू कुनै पनि देशको आन्तरिक मामलामा हस्तक्षेप गरेको र नीति निर्माणमा आफ्नो शर्त र स्वार्थअनुरूपको बनाउन दबाब दिंदै आएको पाइन्छन् । साम्राज्यवादीहरूले भौगोलिक सीमालाई क्रस गरेर खतरानाक तरिकाले कुनै पनि देशको आर्थिक, सामाजिक, सांस्कृतिक मामलमा आफ्नो बर्चस्व कायम गर्ने उपयुक्त माध्यम गैरसरकारी सङ्घ-संस्थालाई बनाएका छन् । एकाधिकार दलाल पुँजीवादी विश्वव्यवस्थाले सृजना गरेको परनिर्भरता आज तेस्रो देशहरूमा अधिकतम रूपमा बढ्दो छ । साम्राज्यवादी देशहरूमा पनि एउटा होड के छ भने तेस्रो मुलुकहरूलाई कसले आफ्नो निर्भर बनाउने वा कठपुतली बनाउनेमा प्रतिस्पर्धा चलिरहेको पाइएको छ । यसरी संसारका गरिब मुलुकका मानिसहरूलाई आधुनिक युगका दासहरूसरह बाँच्न बाध्य बनाइएको छ ।

आर्थिक रूपमा अन्तर्राष्ट्रिय वित्तीय सङ्घ-संस्थाहरू संसारभर आफ्नो वित्तीय साम्राज्यवाद स्थापना गर्न तल्लीन छन् । विश्वव्यापीकरण ९नयिदबष्शिबतष्यल० र आर्थिक उदारीकरण ९भ्अयलिष्अ ष्दिभचबष्शिबतष्यल० को नाममा बहुराष्ट्रिय कम्पनीहरू उद्योगधन्दाहरू निर्वाध रूपमा देशभित्र भित्रिएको हुन्छ । जसकाकारण देशले आफ्नो स्वतन्त्र पहिचान, आर्थिक, सामाजिक र सांस्कृतिक संरचना नै ध्वस्त पारेर साम्राज्यवादको अनुकूलको सामाजिकसत्ता स्थापना गरेको हुन्छ । यसमा प्रमुख भूमिका भनेको आइएनजिओको हुन्छ । जसले साम्राज्यवादी उत्पादनहरू देशभित्र निर्वाध रूपमा भित्र्याउन नीतिगत र कानूनी रूपमा बहस गरेको हुन्छ भने अर्कोतिर जुन देशबाट सहयोगवापलत रकम आएको हो, त्यही देशतिर पैसा फर्काउने योजनाअनुरूप गरीब देशलाई एउटा प्रयोगशालाको थलोमात्र बनाइएको हुन्छ । विदेशमा करमुक्त चन्दाको रूपमा पुँजीवादी संरचनाको नाफालाई अल्पविकसित देशहरूको अर्थतन्त्रमा हस्तक्षेपको साथै आर्थिक शोषणको सिकञ्जा दरोसँग गाडने माध्यम आइएनजिओ भएको छ । विश्व व्यापार संगठन(डब्लुटीओ),विश्वबैंक( डब्लुबी),अन्तराष्ट्रयमुद्राकोष( आइएमइ),एशियालीविकासबैंक(एडीबी)लगायतका साम्राज्यवादी वित्तीयसंस्थाले जुनकुनै अल्पविकसित देशलाई आफ्नो फन्दामा पार्नको लागि अनेक हथकण्डा अपनाएको हुन्छ । अन्तर्राष्ट्रिय श्रमविभाजनको एउटा उत्कृष्ट माध्यम आइएनजिओ पनि भएको छ । जसले वर्गविभाजनको रेखालाई प्रस्टसित कोरेको छ । अन्तर्राष्ट्रिय रूपमा र आन्तरिक रूपमा पनि वर्गविभाजन गरेको हुन्छ । सम्भ्रान्तवर्गको हातमा आइएनजिओहरूको नीति निर्माण र कार्यान्वयनको क्षेत्र रहेको हुन्छ । उनीहरूले कहिल्यै पनि श्रमिक वर्ग र उनीहरूको आत्मनिर्भरतातिर नीतिनिर्माण गरेको हामी पाउँदैनौं । अल्पविकसित देशको कानुन निर्माण मानवअधिकारको क्षेत्रमा, सचेत र क्षमतावान व्यक्तिहरूमा भएको आइएनजिओप्रतिको मोह एउटा गम्भीर सोचनीय कुराहरू हुन् भने अर्कोतिर राज्यले आफ्नो देशको साधन र स्रोतलाई परिचालन नगरी, परनिर्भरतातिरको यात्राले जुन क्षमतावान जनशक्तिलाई आइएनजिओकरण गर्नमा सृजना गरेको बाध्यात्मक परिवेश छ, त्यसलाई पनि नजरअन्दाज गर्न सकिन्न । अहिले त झनै वैधानिक रूपमा नै आइएनजीओले मानव बेचबिखनको खेती गरेको हामी पाउँदछौं । यसरी हरेक अविकसित देशहरूलाई नयाँखालको औपनिवेशीकरण गर्ने काम एनजिओबाट अप्रत्यक्ष रूपमा भएको हुन्छ । जुन आइएनजिओ संस्कृति जसबाट नाम, दाम, प्रशिद्धी र राजनीतिक लाभ प्राप्त गर्ने उपयुक्त माध्यामको रूपमा लिन थालिएको छ । राजनीतिक रूपमा इमानदार बफादार, कर्मठ योद्धा कार्यकर्ताहरूलाई कुण्ठित र निरास तुल्याउने र अवसरवादी प्रवृत्तिमाथि आउने प्रस्ट रूपमा देखिएको छ । हाम्रै क्षेत्रमा पनि यसखालको चीजहरूलाई प्रस्ट रूपमा देखिएको छ र संरक्षण पनि पाएको हामी पाउँछौं । अहिले विश्वव्यापीकरण, आर्थिक उदारीकरण, स्वतन्त्र बजार अर्थतन्त्र, नीजीकरणआदिका रूपमा आर्थिक हस्तक्षेप भैरहेको छ भने राज्यलाई एउटा गोलोबल गाउँको नाममा सामाजिक र सांस्कृतिक अतिक्रमण गरेको छ । आइएनजिओको माध्यमबाट उनीहरूले व्याख्या गर्ने गरेको समय, समाज, प्रजातन्त्र वैकल्पिक दुनियाँको व्याख्या गर्दै यो दुनियाँलाई दिग्भ्रमित पारिरहेका हुन्छन् । खासगरी कुनै पनि सामाजिक व्यवस्थालाई आफ्नो अनुकूल बनाउनको लागि तयार गरिएको हतियारनै आइएनजिओ हो । यी यावत् साम्राज्यवादी नीतिलाई तेस्रो मुलुकहरूमा लागु गर्ने र शासकहरूका विरुद्ध उठ्न सक्ने विचार र दरिला मुठ्ठीहरूलाई विचलित गराउने काम आयएनजीओले गरेको हुन्छ ।

अहिले आएर अल्पविकसित मुलुकहरूमाथि जबरजस्त लादिएको उदारीकरणको कारणले चरम परनिर्भरता छ । अल्पविकसित देशहरूमा सरकारी संयन्त्रहरू साम्राज्यवादीको दलाली गरेर देशको पहिचान र अस्तित्वलाई नै दाउमा राखेर भए पनि आफूले अकुत सम्पति आर्जन गरिरहेका छन् । ती देशका निम्न र मध्यमवर्गका क्षमताहरूलाई आज बेचिनुपर्ने बाध्यात्मक परिवेश छ । देशको शासकहरूको राष्ट्रिय आत्मसमर्पणवादी सोचको कारणले गर्दा स्वाभिमानी जनताहरू जबरजस्त रूपमा पराधिनतातिर धकेलिएको छ । हामीले आइएनजिओहरूको विरोधका नाममा विरोधभन्दा पनि राष्ट्रिय रूपमा शासकवर्ग र कामदारहरू वा दासहरू जन्माउने थलोको रूपमा विकसित भैरहेको छ भन्ने कुरालाई जवरजस्त रूपले अगाडि ल्याउन आवश्यक छ । यसको ज्वलन्त उदाहरण त दिन प्रतिदिन युवा जनशक्तिको विदेश पलायनले प्रस्ट पारेको छ । त्यसैले प्रमुख कुरा त हरेक देशको आत्मगत परिस्थिति नै प्रमुख हुन आउँछ ।

देशको शासन संयन्त्रमा भएको भ्रष्टाचारी मानसिकता, अपारदर्शिता, नातावाद, कृपावादले जकडिएको अवस्था र आफ्नै उत्पादनमुखी अर्थतन्त्रभन्दा अरूको कृपा र आशामा बन्ने आर्थिक नीतिले गर्दा देशको कहालीलाग्दो परिवेश आएको छ । यसरी एकातिर देशीय आत्मसमर्पणवाद र अर्कोतिर साम्राज्यवादी परनिर्भरताले गर्दा स्वाभिमानी जनताहरूलाई मार परिरहेको छ । यसको मतलब आइएनजिओमार्फत् आउने वैदेशिक सहयोग ल्याउनै नहुने भनेको होइन तर त्यसको उपयोग विदेशी स्वार्थअनुरूप नभै राष्ट्रिय हितअनुरूप गर्नुपर्दछ । सकारात्मक र विकासको नियतले आउने सहयोगहरूलाई स्वीकार गर्दै जनताको आत्मनिर्भरता बढाउन प्रयोग गर्नुपर्दछ । तिनीहरूमा पनि अधिकांश समुदाय र समाजमा चेतना अभिवृद्धि गर्ने उद्देश्यका छन् । खासगरी सामाजिक सेवाको नाममा समाजमा सृजना हुने सांस्कृतिक र सामाजिक विचलनले गर्दा नकारात्मक असर परेको छ ।

hukumsingh2012@yahoo.com

# अनुदित कथा : सुखी परिवार



● लु सुन ●

**अनुवादक– हरिहर खनाल**

'अभिव्यक्तिको इच्छाले नै लेखकलाई लेख्नका लागि प्रेरित गर्दछ । स्तो काम सूर्यको प्रकाश जस्तै उज्यालोको अनन्त स्रोतबाट निस्केको ज्योतिपुन्जजस्तै हुन्छ । दर्शनढुंगामा चकमक ठोस्ता निस्केका आगाका झिल्काहरूसित यसलाई तुलना गर्न मिल्दैन । यस्तो मात्रै साँचो कला हो र यस्तो लखक मात्र सच्चा कलाकार हो । तर मैले आफूलाई कहाँनिर राखु ?'

यस्तो सोच्तासोच्तै ऊ ओछ्याउनबाट एक्कासी उफ्रेर तल झऱ्यो । उसको परिवारको भरणपोषणका लागि उसले जसरी हुन्छ । सिर्जनात्मक काम गरेर वा लेखेर केही कमाउनुपर्छ भन्ने कुरा उसको मनमा लाग्यो अनि उसले उसको कृतिको पान्डुलिपि यसपालि 'सुखी मासिक' मा पठाउने निर्णय गऱ्यो । त्यसको कारण के थियो भने यो पत्रिकाका प्रकाशकहरू परिश्रमिको मामलामा अरूहरूभन्दा केही उदार थिए । तर त्यो पत्रिकामा सीमित विषयमा मात्र लेख्न पायन्थ्यो । त्यसो नभएको खन्डमा लेख स्वीकृत हुँदैनथ्यो । ठीकै छ, सीमित विषयमा नै सही । हाम्रो समाजको युवा पिंढीका समस्याहरू के के हुन् ?' निश्चय नै समस्याहरू एक वा दुई मात्र छैनन् । कैयौं समस्याहरू छन् । माया प्रीति-विवाह, परिवार आदि विषयसित सम्बद्ध समस्याहरू । ' पक्कै पनि सैकडौं मानिसहरू यस्ता समस्याहरूबाट पिरोलिइरहेका होलान् । कतिपय मानिसहरू त यतिबेला पनि ती समस्याका विषयमा कुराकानी गरिरहेका होलान् । त्यसो भए परिवारकै समस्याहरूबारे लेखौं । तर कसरी लेख्ने होला ? फेरि लेखिसकेपछि त्यो अस्वीकृत हुनु पनि भएन नि । तर पहिले नै यस्तो अशुभ कुरामा मनमा किन खेलाउनुपऱ्यो ?

ओछ्यानबाट उफ्रेर चार-पाँच पाइला अगाडि गएपछि ऊ टेबुलअगाडि पुग्यो, मेचमा बस्यो, निलो धर्केकपीको पाना लियो र तत्कालै अलिकित धर्मराउँदै शीर्षक लेख्यो- सुखी परिवार ।

उसको कलम तत्कालै टक्क रोकियो । उसले टाउको उठायो र दुवै आँखा सिलिङमा अड्यायो अनि उसको यो 'सुखी परिवार' को वातावरण र ठाउँका विषयमा सोच्न थाल्यो ।

'पेकिङ ?' उसले सोच्यो । 'पेकिङ ठीक कहुन्न होला । यो शहर त विल्कुलै निर्जीवजस्तो लाग्छ । वातावरणसमेत पूरै निर्जीव लाग्छ । यो शहरमा त्यो सुखी परिवारका लागिड अग्लो पर्खालले घेरिएको घरको कल्पना गर्ने हो भने पनि त्यो दुषित वातावरणबाट परिवारलाई बचाउने कुनै उपाय छैन । होइन । यस्तो कदापि हुन सक्दैन । च्याङ्सु र चच्याङ पनि ठीक हुन्न । तिनीहरूबीच जतिबेला पनि लडाई हुन सक्छ । फुचैन को त झनै कुरै भएन । सेचुवान ? क्वाङतुङ ? त्यहाँ पनि धुमधाम लडाइँ मच्चिइरहेको छ । शानतुङ वा हुनान कस्तो होला ?' अहँ हुन्न । यदि त्यहाँ 'सुखी परिवारका' पतिपत्नीमध्ये कुनै एक जनाको अपहरण यो भने 'सुखी परिवार' कसरी सुखी रहलान् ? साङ्घाई र तियानचिनका वस्तीहरूमा घरभाडा असाध्यै महंगो छ । त्यसो भए 'सुखी परिवार' लाई विदेशतिर बसाउने त ? यो त झन् हाँस उठ्दो कुरा भयो । युन्नान वा क्वेइश्चओका बारेमा मलाई केही पनि थाहा छैन । तर त्यहाँ संचार र यातायातको अवस्था असाध्यै खराब छ ।'

लेखकले खुबै दिमाग खियायो, तर एउटा राम्रो ठाउँबारे निर्क्योल गर्न सकेन । त्यसपछि उसले तत्कालका लागि ए लेख्ने निधो गऱ्यो । फेरि सोच्यो, आजकल धेरै मान्छेहरू कुनै ठाउँ वा मान्छेको नाम अंग्रेजी वर्णमालाका अक्षरबाट शुरू गर्ने कुराको कटु आलोचक छन् । मान्छेहरू त्यसो गर्दा पाठकहरूको चाख मरेर जान्छ भन्ठान्छन् । त्यस्तो झन्झटमा किन पर्ने ? मेरो कथामा म त्यस्तो कुरा राख्दिन । त्यसो भए ठाउँको नाम के राख्नु बेश होला ? हुनानमा पनि लडाइँ चलिरहेको छ । डाइरेनमा घरको भाडामा फेरि बृद्धि भएको छ । चाहार, किरिन र हेइलुङकियाङमा डाँकाहरूको आतंक छाएको छ भन्ने कुरा मैले सुनेको छु । त्यसैले तिनीहरू पनि 'सुखी परिवार' का लागि उपयुक्त ठाउँ हुने कुरा भएन ।'

लेखकले राम्रो ठाउँ छान्नका लागि फेरि दिमाग खियायो, तर केही सीप चलेन । अन्त्यमा उसले तत्कालका लागि 'सुखी परिवार' लाई ए मा नै राख्ने निधो गऱ्यो ।

'जे होस् अब यो 'सुखी परिवार' को बसोबास ए मा नै हुन्छ । यस विषयमा अब अरू कुनै प्रश्न उठ्नु हुन्न । परिवारमा एक जना पति र एउटी पत्नी हुने नै भए । मालिक र मालिक्नी/ मायापिरती लगाउनका लागि प्रणयसुत्रमा बाँधिएका । तिनीहरूको विवाह सम्बन्ध चालिसभन्दा बढी विस्तृत सर्तहरूका अधिनमा रहने गरी भएको छ । यसले ती दुवैलाई पूर्ण स्वतन्त्रता र समानताको अधिकार प्रदान गरेको छ । थप, ती दुवै सुशिक्षित र उच्च खानदानका व्यक्तिहरू थिए । आजकल जापानमा पढेर फर्केका मान्छेको त्यति गन्ती नै हुँदैन । त्यसैले तिनीहरूलाई पश्चिमी दुनियाँमा शिक्षादीक्षा लिएर फर्केका बन्न दिऊ । पति सधै विदेशी सुटका ठाँटिएर बस्छ । त्यसको कमेजको कलर हिउँ जस्तै सेतो हुनुपर्छ । पत्नीचाहिंको अगाडिपट्टीको कपाल भँगेराको गुँडजस्तै कुर्लुङ कुर्लुङ परेको छ र उनका मोतीका दाना जस्ता दाँत सधै चम्किरहन्छन् । तर उनको वेषभूषा भने स्वदेशी नै छ ।'

'होइन होइन, त्यो हुनै सक्दैन । पूरै पच्चिस पसेरी छ ।' ढोका बाहिर कुनै पुरूष आवाज सुनेपछि अनायासै उसको ध्यान त्यतै तानियो । झ्यालमा झुन्डिएको पर्दाका घामका किरणहरू जम्मगाउँदै छरिएका थिए । त्यै बेला बाहिर दाउराको सानो भारी भुँइमा घर्त्याक्क बिसाएको आवाज सुनियो । 'त्यसले केही फरक पर्दैन ।' यस्तो सोचेर उसले फेरि आफ्नो ध्यान कागजतिर केन्द्रित गर्ने प्रयत्न गऱ्यो । 'के कुराको पच्चीस पसेरी ? '. तिनीहरू हुने खानेवर्गका सुसंस्कृत मान्छेहरू हुन् । कलाकौशलमा समर्पित मान्छेहरू । तर ती दुवै सुखी वातावरणबीच हुर्के बढेका हुनाले रूसी उपन्यासहरू तिनीहरूलाई मन पर्दैनन् । अधिकांश रूसी उपन्यासहरू तल्लो वर्गका मानिसहरूको बयान गर्छन् तसर्थ ती सबै तिनीहरूसित राख्न लायक छैनन् । 'पच्चीस पसेरी ?' केकही छैन । तिनीहरू कस्ता पुस्तक पढ्छन् ? वायरनका कविताहरू ? कि किट्सका ? त्यो हुन सक्दैन । ती दुवै खतरनाक छन् । ए', बल्ल घैंटामा घाम लाग्यो ती दुवै जोइ पोइले 'आदर्श पति' पढ्न रूचाउलान् । यद्यपि त्यो किताब म आफैले पढेको छैन, तथापि विश्वविद्यालयका प्राध्यापकहरूले त्यसको प्रशंसा गरेको मैले सुनेको छु । तसर्थ, ती दम्पत्तिले पनि त्यो पुस्तक मन पराउनेछन् भन्ने कुरामा म ढुक्क छु । पतिले पढ्छन् । पत्नीले पढ्छिन् । त्यसैले दुवैलाई एकएकप्रति चाहिन्छ । यसैले त्यो परिवारका लागि दुईप्रति 'पुस्तक' आवश्यक छन् ।'

लेखकलाई पेटमा छुचुन्द्र नाँच्न थालेको आभास भयो । हातको कलम थपक्क राखेर उसले दुवै हातका कुइना टेबुलमा टेकाएर दुवै हातले टाउको समात्यो । त्यसो गर्दा उसको टाउको दुई खुट्टीले अड्याइरहेको ग्लोब जस्तै देखियो ।

'' पति पत्नी दुवैले बिहानको खाना खाँदैछन् ।' उसले सोच्यो । 'टेबुल फटिकजस्तो सेतो टेबुलपोसले ढाकिएको छ । भान्सेले खाना तयार गरिरहेको छ । चिनियाँ खाना । 'पच्चीस पसेरी तर के को ?' भैगो त्यो कुरा छाडिदिउँ । चिनियाँ खाना नै किन ? पश्चिमेलीहरू चिनियाँ खाना खुबै राम्रो मान्छन् । खाना मध्ये रोजी खाना । स्वास्थ्यकर । त्यसैले तिनीहरू चिनियाँ खाना रोज्छन् । खानाको पहिलो खेप आइपुग्छ । तर यो पहिलो परिकार के होला ?

'दाउरा'

लेखकले पछाडि फर्केर हेऱ्यो । त्यहाँ उसकी पत्नी थिई । उसैलाई क्वारक्वार्ती हेरिरहेकी । 'के भयो ?' उनको आगमनले उसको एकाग्रता भंग भएको हुनाले अलिकति बेवास्तापूर्वक उसले सोध्यो ।

'दाउरा सकिएको थियो र अहिले अलिकति लिएको । अस्तिको पालि दश मुठाको दुई सय चालिस थियो । तर आज दुई सय साठी भन्छ । दुई सय पचास दिन ठीक होला कि ठान्छु, कसो होला'.?'

'ठीक छ, ठीक छ दुई सय पचास नै देऊ ।'

'तौला पनि कमजस्तो लाग्छ । पच्चीस पसेरी भन्छ, तर साढे तेइस भन्दा बढी छैन जस्तो लाग्छ मलाई त ।'

'ठीक छ साढे तेइस नै हुन देउ न त ।'

'पाँच पन्चे पच्चीस, तीन पन्चे पन्ध्र ।'

'ए बाबा, बुझें । पाँच पन्चे पच्चीस, तीन पन्चे पन्ध्र '.।'

लेखक हिसाबकितावमा अल्झिन पुग्यो । एकैछिन रोकिएर उसले फेरि कलम टिप्यो र 'सुखी परिवार' लेखिएको धर्के कापीमा हिसाब टिप्यो । केहीबेर हिसाब गरेपछि उसले टाउको उठायो र भन्यो-

'पाँच सय असी भयो ।'

'मसित त्यति पैसा छैन । अझै अली नब्बेजति पुग्दैन ।'

उसले टेबुलको घर्रा तान्यो र त्यहाँ भएको सबै खुद्रा पैसा झिक्यो । पच्चिस तीस जति रहेछ । जम्मै उनको हातमा राखिदियो । पत्नी बाहिरतिर लागेपछि उसले फेरि कापी कलम समात्यो । तर उसको दिमागमा दाउराकै कुरा खेलिरहेको थियो । पाँच पन्चे पच्चीस । हिसाब गर्दा कागमा लेखिएका अंकहरू उसको दिमागमा टाँसिइरहेका थिए । उसले लामो सास तानेर सुस्केरा हाल्यो । दाउराको प्रसंग बिर्सने प्रयत्न गऱ्यो । तर 'पाँच पन्चे पच्चीस' र कागजमा टिपिएका अंकहरू उसको दिमागबाट हटेनन् । उसले फेरि लामो सास तान्यो र सुस्केरा हाल्यो । यस्तो लाग्थ्यो, उसले दाउरा र हिसाब किताबका अंकहरू बिर्सने प्रयत्न गरिरहेको छ । त्यसपछि उसले फेरि लेखतिर आफ्नो ध्यान केन्द्रित गर्ने प्रयत्न गऱ्यो ।

' कस्तो परिकार ? यसमा नअल्झौं होला । ठूलाबडाले खाने खाले राम्रै किसिमको परिकार हुनेछ । बंगुरको मासु, माछा वा झिंगा माछा यी सबै सामान्य किसिमका परिकार भए । यी खाइरहेकै परिकार हुन् । अलिकति गतिलै किसिमको हुनुपऱ्यो नि । अजिंगर अथवा बाघ मध्ये कुनै एकको मासु । यी दुईमा कुनचाहिंको वेश होला ? केही मानिसहरू सर्प र बिरालाको मासु माथिल्लो वर्गका क्यान्टोनीहरूको खाना हो र त्यस्तो खाना विशेष भोजका अवसरमा खाइन्छ भन्छन् । मैले कियान्सुको एउटा रेस्टुराँको मेनुमा यस्तो नाम देखेको छु । कियान्सुका मानिसहरूले सर्प वा बिरालोको मासु खाँदैनन् । मान्छेहरू भन्छन्, तिनीहरू त भ्यागुता वा बाम माछा खान्छन् । सुखी परिवारलाई यसबाट फरक पर्ने के कुरा छ र ? खानाको यो पहिलो परिकार कुनै हालतमा पनि अजिंगर वा बाघ कै मासु हुनुपर्छ । यसमा उताउता हुनै सक्दैन । 'अब अजिंगर र बाघको मासुको परिकार डाइनिङ टेबुलको बीचबीचमा राखियो । पतिपत्नी दुवैले चपस्टिक समाते, पालैसित परिकारतिर औंल्याउँदै एक आपसमा आँखा जुधाएर मुस्कुराए अनि विदेशी लवजमा भने-

'प्रियतम -अब खाऊँ'

'पहिले हजुर लिइस्योस् न ।'

'पहिले तिमी खाऊ न ।'

त्यसपछि ती दुवैले क्रमशः एक एक टुक्रा सर्पको मासु चपस्टिकले समाते । सर्पको मासुको गन्ध वास्तवमै अजिव प्रकारको लाग्छ । बरू बाममाछाको स्वाद राम्रो हुँदो हो । अजिंगर वा बाघको मासु भनेर तयार हुने सबै परिकार वास्तवमा भ्यागुता वा बाममाछाकै त हुन् । तिनीहरूले उत्रै आकारप्रकारका बाममाछाका एक एक टुक्रा समाते । पाँच पन्चे पच्ची, तीन पन्चे पन्ध्र' । भैगो यो कुरा छाड । त्यसपछि दुवै जनाले एकपछि अर्को गर्दै माछाका टुक्रा मुखमा हाले । लेखक अनिच्छुक हुँदाहुँदै पनि घुमेर पछाडि हेर्न खोज्यो । किनभने पछिल्तिर कोही आए गउको उसलाई आभास भयो । तर उसले मनलाई समाल्यो । र फेरि एकाग्रतापूर्वक विचारमा तल्लिन भयो ।

'यो त असाध्यै भावुकतापूर्ण कुरा भयो । कुनै पनि परिवार यसप्रकारको व्यवहार गर्दैनन् । मेरो दिमाग पनि के भएको होला यस्तो ? यस्तो राम्रैं विषयमा लेख्नै नसकिने हो कि भन्ने कुराले पो डर लाग्न थाल्यो मनमा । कथामा ती दम्पत्तिहरू विदेशबाट फर्केको भन्ने कुरा देखाउनै पर्ने के छ त्यस्तो ? चीनमा नै शिक्षितदिक्षित मानिसहरूकै विषयमा लेख्दा पनि भैहाल्यो नि । ती दुवै विश्वविद्यालयका स्नातक हुन् । उच्च घरानाका । खानदानका । पतिचाहिं लेखक हो । पत्नी पनि लेखकै हो । त्यो नभए पनि कविताकी पुजारी । नारीवादकी उपासक । अथवा '. ।'

लेखकले आफ्नो धैर्य गुमायो र पछाडि फर्केर हेऱ्यो ।

उसको पछाडिको किताबको दराजमा बन्दागोभीका खात थिए । सबभन्दा तल्लो खन्डमा तीनवटा डल्ला, त्यसमाथिको खन्डमा दुईवटा अनि त्योभन्दा माथिल्लोमा एउटा । अंग्रेजी ए अक्षरको बृहत आकारजस्तै ।

'उ'.' उसले लामो सुस्केरा हाल्यो । अनुहारको छाला चिर्चिऱ्यायो र पिठ्यूँमा पनि एक प्रकारको चिर्चिराहट पैदा भयो । ढाडमा सर्सराइरहेको चिट्चिटाहटलाई शान्त पार्ने प्रयत्नस्वरूप उसले एकपटक 'खुइय' गर्दै लामो सास तान्यो । 'सुखी परिवार' को घरमा प्रशस्त मात्रामा कोठाहरू हुनुपर्छ । एउटा भन्डार कोठा हुनुपऱ्यो । जहाँ बन्दागोभी जस्ता चिजहरू राख्न सकियोस् । घर मालिकको कोठा छुट्टै हुनुपर्छ । पुस्तकका दराजले खचाखच भरिएको स्वाभाविक रूपमा त्यहाँ बन्दागोभीजस्ता चिजहरू हुने छैनन् । दराजहरू चिनियाँ कृतिहरू र विदेशी लेखकका ग्रन्थहरूले खचाखच भरिएको हुनुपर्छ । त्यहाँ 'आदर्श पति' पनि हुनुपऱ्यो । कमसेकम दुई प्रति । सत्ने अलग्गै कोठा, पित्तलको पलङ वा त्यो नभए कमसेकम राम्रैं चाँपबाट बनेको र एक नम्बरको जेलमा बनाएको पलङजस्तै । पलङको तल र वरपर बिल्कुलै सफासुग्घर हुनुपऱ्यो' ।' उसले आफ्नै ओछ्यानको वरिपरि र तल हेऱ्यो । खाटमुनिको दाउरा निखिइसकेको थियो र त्यहाँ एउटा मरेको सर्पजस्तै दाउरा बाँधेको परालको बन्धन मात्र बाँकी थियो ।

'साढे तेइस पसेरी'' लेखकलाई लाग्यो उसको खाटमुनि कहिल्यै खाली नहुने गरी दाउराको खलियो थुप्रिएको छ, फेरि उसको टाउको बल्कियो । ऊ उठ्यो र ढोका लगायो । तर ढोकाको चुकुल लगाउनै लाग्दा त्यो कुरा ठीक भएन किन भन्ने उसले सोच्यो र धूलोले भरिएको ढोकाको पर्दालाई तल झाऱ्यो । त्यति नै बेला उसको मनमा आयो-'ढोका बन्द गरेर आफैलाई बन्दीजस्तो बनाउनुबाट जोगिने यही तरिका ठीक छ, पर्दा लगाउने । यसबाट ढोका खुलै रहँदाको अवस्थामा अनुभव हुने छटपटीबाट पनि मुक्त भइयो । यो त बिल्कुलै मध्यमार्गी सिद्धान्तअनुरूपको काम भयो ।

'' अँ, पतिचाहिंको अध्ययनकक्ष सधै बन्द रहनुपर्छ ।' ऊ फर्केर आयो, कुर्चीमा बस्यो र फेरि विचारमग्न भयो । 'कुनै काम विशेषले भेट्न आउने मान्छेले सर्वप्रथम ढोका ढकढक्याउनु पर्छ र भित्र पस्ने अनुमति लिनुपर्छ । गर्नुपर्ने कुरै त्यही हो । मानौं पति उसको अध्ययनकक्षमा छ र पत्नी साहित्य विषयक छलफलमा भाग लिन भित्र पस्न खोज्ने भने उसले पनि पहिले ढोका ढक्ढक्याउनु पर्छ । त्यसमा पनि, कति कुरो निश्चित हुनुपर्छ भने ऊ भित्र पस्दा उसले बन्दागोभी साथमा ल्याउनु हुँदैन ।

'आऊ आऊ' बस मेरी प्यारी मायालु ।'

'तर साहित्यबारे चर्चा गर्न पतिको फुर्सद नभए के होला ? दुलहीचाहिं ढोकाबाहिर उभिएर कोठामा विस्तारै हानेको सुनेपछि उसले बेवास्ता गर्ला त ? सम्भवतः त्यसो हुँदैन होला । हुन सक्छ यस विषयको इतिवृत्त ' आदर्श पति' नामक पुस्तकमा उल्लेख भएको होला । त्यो वास्तवमै एउटा अद्भूत उपन्यास हुनुपर्छ । यो लेखको पारिश्रमिक पाइयो भने, मैले पनि पढ्नका लागि त्यसको एकप्रति किन्नुपर्छ'.।'

चड्याम्म ।

लेखक झस्कियो र उसको ढाड तनक्क तन्कियो । विगतको अनुभवको आधारमा उसले अनुमान गऱ्यो, त्यो उसकी दुलहीले तिनीहरूकी तीन वर्षीया छोरीको गालामा हानेको थप्पड थियो ।

'एउटा सुखी परिवारमा'.।' ऊ विचारमग्य भयो । उसको ढाड अझै पनि तन्किइरहेको थियो । बालिकाको सुँकसुँक रूवाई सुनेपछि उसलाई लाग्यो केटाकेटीहरू ढिलै जन्मनु जाति हुन्छ । भरसक त केटाकेटी हुँदै नभएको राम्रैं । केवल दुई जना मात्र, कुनै बन्धन बेगरका । अथवा घरको सट्टा एउटा राम्रैं होटलमा बस्नु झन् उपयुक्त हुन सक्छ । लाग्ने यावत खर्च दियो, बस् । झन्झटै खतम । एउटा एक्लो मानिस' । छोरीको सुँकसुँक रूवाई झन् बढ्न थालेपछि ऊ जुरूक्क उठेर पर्दा खोल्दै गर्दा झलक्क सम्झयो । कार्लमार्क्सले 'पुँजी' लेख्दा केटाकेटीहरू उनका वरिपरि झुम्मिएर बसेका हुन्थे, उनी अवश्य पनि महामानव हुनुपर्छ'.।' ऊ बाहिरतिर गयो र बाहिरी ढोका खोल्यो । ढोीकाको पलेंटो खोल्ने वित्तिकै मटितेलको चर्को गन्ध ह्वास्स उसको नाकमा ठोक्किन पुग्यो । बालिका ढोकाको दाहिनेतिर भूइँमा मुख जोतेर पछारिइरहेकी थिई । बाबुलाई देखेपछि त्यसको रूवाई झन् चर्कियो ।

'ल'.ल'. यता सुन । सानो मान्छे, मेरी प्यारी छोरी कति असल छ । चुप, चुप ।' छोरीलाई काख लिन ऊ निहुरियो । छोरीलाई काख लिएपछि ऊ पछाडितिर फर्क्यो । उसले देख्यो, ढोकाको देब्रेतिर, हात पछाडि बाँधेर, कुनै शारीरिक अभ्यास गर्न थालेझैं उसकी दुलही क्रुद्ध मुद्रामा उतिर हेर्दै ठिङ्ग उभिएकी छ ।

'सबैले मैलाई मात्र सताउन जानेका छन् । कसैले सिन्कोसम्म *बाँकी ८ पेजमा*

## कविता

# मेरो देश



● विष्णुकुमारी न्यौपाने ●

*डर लाग्छ मेरो देश बिक्री हुँदैछ रे !*
*नेपालकिो सान मान अन्तै साटिन्छ रे !*
*मोलतोल भैसक्यो रे बजारमा आयो*
*आकाशमाथि कालोबादल मडारिँदै छायो*
*मित्र बनी सहयोगको छाया देखाएर*
*देशै लाने दाउमा आ'छ नाम लेखाएर*
*गरिबीको रेखामुनी बसेको यो देश*
*ठूलाहरू नजर लाउँछन् इज्जतमा ठेस*
*दुःख धेरै लाग्छ अनि मन दुख्छ धेरै*
*संसार सबैभन्दा सुन्दर देश मेरै*
*हप्की दप्की लाउँछ कहिले कहिले फकाउने*
*साम्राज्य र विस्तारवादले आँखा धेरै लाउने*
*देखाएर समृद्धि र सुशासन बाटो*
*लान सक्छ खान सक्छ यो देशको माटो*
*लालीपप देखाएझैं देखाउँधै धन*
*तीन करोड नेपालीको जित्छु भन्छ मन*
*विचारको प्रतिविम्ब देखिने हो सबै*
*थाहा नभई गुम्ने हो कि नेपाल ने सबै*
*सिरिया र कम्बोडियाजस्तै बन्ने हो कि*
*बम अनि बारुदले भरिने पो कि*

## देशैभर...

ट्रेड युनियन महासंघका झापा संयोजक टंक भट्टराईले सम्बोधन गरेका थिए ।

शनिबारै झापाको हल्दिबारी १,गोलधाप बजारमा अर्को कोणसभा सम्पन्न गरेको समाचार प्राप्त भएको छ । उक्त कार्यक्रमको संचालन जिल्ला पार्टी झापाका सेक्रेटरी हरि गौतमले गरेका थिए भने कोणसभालाईअनेमसंघ क्रान्तिकारीकी अध्यक्ष अम्बिका मुडभरी , पार्टी के.स. डिल्ली बोहोरा र क्रन्तिकारी युवा लिगका अध्यक्ष अमिर महर्जनलगायतले सम्बोधन गरेका थिए ।

त्यसैगरी पश्चिम कञ्चनपुरबाट प्राप्त जानकारी अनुसार कञ्चनपुर र कैलालीमा गरि शनिबार तीनवटा कोणासभा सम्पन्न गरिएका छन् । कञ्चनपुरको आइविआरडीमा भएको कोणसभालाई पार्टीका स्थायी कमिटी सदस्य रामसिह श्रीस र प्रदेश इन्चार्ज अनुकुलले सम्बोभन गरेका थिए । कोणसभाको सञ्चालन केस लालकिरणले गरेका थिए ।

शनिवारै अभियान टोलीले कैलालीको धनगढी बजारमा पनि कोणसभा सम्पन्न गर्यो । कैलाली जिल्ला सचिव रुद्र कँडेलले सञ्चालन गरेको कोणसभालाई पीवीएम कमल चौधरी र केस हरि सुवेदीले सम्बोधन गरेका थिए ।

धनगढी बजारकै क्याम्पस चोकमा पनि अभियान टोली अर्को कोणसभा पनि गर्यो । यहाँको कोणसभालाई केस डाइमण्ड र केस लालकिरणले सम्बोधन गरेका थिए । कार्यक्रमको सञ्चालन प्रदेश सदस्य विन्तिराम चौधरीले गरेका थिए ।

त्यसैगरी चार नम्बर प्रदेशको पोखरामा संगम साँस्कृतिक मञ्चले एमसीसीको विरोधमा आयोजन गरेको विज्ञसहितको कार्यक्रमलाई क्रान्तिकारी माओवादीका पीवीएम केशबहादुर परियार लगायतका नेताहरूले सम्बोधन गरेका थिए ।

चितवनमा भरतपुर महानगरपालिकाको वडा नं २८ मेघौलीमा विरोधसभा सम्पन्न गरिएको छ । रामपुर, चुनौली, पर्साढाप,मेघौलीलगायतका ठाउँमा क्रान्तिकारी माओवादी र देजमोका नेताकार्यकर्ताहरूले विरोसभाका साथै पर्चा वितरण लगायतका कार्य सम्पन्न गरिएका छन् ।

## कञ्चनपुर...

का.दिलबहादुर कठायतले गर्न भयो । त्यसपछि वेलौरी बजारको भिमदत्त सालिग चोकमा का. विष्णु दमाइले सञ्चालन गरेको कोणसभालाई सि.सि.एम. का. हरि सुवेदीले सम्वोधन गर्नु भयो भने वलौरी बजारको बसपार्क चोकको कोणसभसालाई पि.बि.एम. का. कमल चौधरीले सम्बोधन गर्नुभयो । उक्त कोणसभाको सञ्चालन का. लाल किरणले गर्नुभयो । सामना परिवारको तर्फबाट का. अम्मर राहदिले कार्यक्रमको बिचमा जनवादी गीत गाउनु भएको थियो ।

## राष्ट्रिय...

स्वाधीनतालाई अमेरिकाको पोल्टोमा सुम्पिनु र देशलाई अमेरिकी सैन्य गठबन्धनमा सामेल गर्नु हो ।

सरकार र प्रतिपक्षी राजनीतिक दलका नेताहरू के तर्क गर्दै आएका छन् भने एमसीसी सम्झौता देउवा सरकारकै पालामा स्वीकार गरिएको थियो, त्यसैले त्यसको आइपीएस सित कुनै सम्बन्ध छैन र त्यो आइपीएसको अङ्ग पनि होइन । यो अत्यन्तै गैरजिम्मेवारीपूर्ण तथा हचुवाका भरमा गरिएको तर्क हो र यसमा कुनै दम छैन । हिजो त्यस सम्झौतालाई एउटा अवस्थामा स्वीकार गरिएको थियो र अहिले त्यो अवस्था फेरिएको छ । हिजो त्यो सम्झौता स्वीकार गर्दा आइपीएसको कुरा उठेको थिएन र अहिलेको त्यो सम्झौता आइपीएसको अङ्ग बन्न गएको छ । यो कुरा अमेरिकी अधिकारीहरूले बारम्बार व्यक्त गर्दै आएका भनाइहरूबाट समेत पुष्ट हुन्छ ।

सरकार पक्षकै राजनीतिक दलभित्र एमसीसी सम्झौता अनुसारको अनुदान स्वीकार गर्ने कि नगर्ने भन्नेबारे बहस चल्दैआएको छ । यसै क्रममा एउटा पक्षले अमेरिकाद्वारा यस सम्झौतालाई आइपीएसको अङ्ग होइन भनेर स्पष्ट पारेको स्थितिमा यसलाई स्वीकार्दा केही फरक पर्दैन भन्ने कुरा पनि गर्दै आएको थियो । ठीक यसै सन्दर्भमा अमेरिकी दूतावासद्वारा दशबुँदे वक्तव्य पनि जारी गरियो । वस्तुतः यो वक्तव्य सरकारी राजनीतिक दलभित्र देखिएको विवाद मत्थर पार्ने र थप भ्रम सिर्जना गरी अमेरिकी स्वार्थसिद्ध गर्ने उद्देश्यमा आधारित रहेको छ । अमेरिकी अधिकारीहरूद्वारा यसबारे बोल्ने तथा दिइने तर्क निकै अस्पष्ट, दोहोरो अर्थलाग्ने, अमूर्त र परस्पर बाझिने ढंगका रहिआएका छन् । अमेरिकी साम्राज्यवादले साम ,दाम, दण्ड ,भेदका अनेकौं षड्यन्त्र मूलक नीति अघि सार्ने गर्दै आएको छ र यो वक्तव्य पनि यसै नीतिको अङ्ग हो ।

जहाँसम्म एमसीसी अनुदानसित सम्बन्धित अमेरिकी शर्तहरूको कुरा हो, त्यसले पनि नेपालको राष्ट्रिय स्वत्व र अस्मिताको अवमूल्यन गर्ने र नेपाललाई अमेरिकाको अधीनमा राख्न खोजेको देखिन्छ । सो सम्झौतामा त्यसलाई कार्यान्वयनमा लगेको स्थितिमा त्यससित बाझिएका नेपाली कानुन निष्क्रिय तथा प्रभावहीन हुने, त्यस आयोजना अन्तर्गत खर्च गरिएको रकमको अडिट अमेरिकाले मात्र गर्ने, बुटवल-गोरखपुर अन्तर्देशीय प्रसारण लाइन निर्माण गर्दा एमसीसीलाई स्वीकार्य हुने गरी भारतसित अनुमति लिनुपर्ने जस्ता शर्तहरू राखिएका छन् । ती शर्तहरू नेपालको राष्ट्रिय हितका दृष्टिले कदापि स्वीकार्य हुन सक्तैनन् ।

अहिले सरकारपक्षीय राजनीतिक दलभित्र सङ्कल्प प्रस्ताव पारित गरी एमसीसी सम्झौतालाई अनुमोदन गर्नुपर्छ भनेर तर्क गर्न खोजिएको कुरा पनि प्रकाशमा आएको छ । एमसीसी हिन्दप्रशान्त रणनीतिको अङ्ग हो भन्ने कुरा स्पष्ट हुँदाहुँदै त्यसप्रकारको संकल्प प्रस्ताव पारित गरिनुको कुनै अर्थ र तुक रहन्न । वस्तुतः त्यस प्रकारको संकल्प प्रस्ताव सरकारपक्षीय राजनीतिक दलभित्र पैदा भएका विरोध, आक्रोश तथा असन्तुष्टिका आवाजहरूलाई थामथुम पार्ने, छक्याउने र भुक्याउने चालबाजी बाहेक अरु केही होइन । यस स्थितिमा सरकार सञ्चालन गर्ने पार्टीमा रहेका देशभक्त मित्रहरू अझै गम्भीर तथा सतर्क बन्न जरुरी छ । साथै, यो बेला संसदमा रहेका सम्पूर्ण देशभक्त मित्रहरू राष्ट्रिय गद्दारी र आत्मसमर्पणवादका विरुद्ध संघर्ष गरी एमसीसी सम्झौतालाई अनुमोदन गर्न नदिनका लागि विशेष पहल गर्न र दृढतापूर्वक उभिन आवश्यक छ ।

हिजो कम्युनिस्ट राजनीतिमा लागेर जुन नेताहरूले देशमा हुँदै आएका साम्राज्यवादी तथा विस्तारवादी हस्तक्षेप, अतिक्रमण तथा प्रभुत्वको डटेर विरोध र सडकमा आएर आन्दोलनको नेतृत्व गर्दथे आज उनै नेताहरू सरकारमा पुग्दा वैदेशिक प्रतिक्रियावादको दलाली तथगा तावेदारी गर्न गैरहेका छन् । यो अत्यन्तै दुःखदायी कुरा हो ।

आज कैयौंको ध्यान देशको राष्ट्रिय स्वाधीनताको रक्षाका लागि पैदा हुँदै गएको गंभीर प्रकृतिको खतरातर्फ होइन, अमेरिकाद्वारा दिइने अनुदानको मोटो राशितिर गइराखेको छ । हामीले के बुझ्नु जरुरी छ भने दोस्रो विश्वयुद्ध पश्चात् साम्राज्यवादी मुलुकहरूले उत्पीडित मुलुकहरूलाई ऋण, सहायता वा अनुदानमा लट्ठ पारेर आफ्नो स्वार्थ सिद्धगर्ने नवउपनिवेशवादको अभ्यास गर्दै आएका छन् । कैयौ उत्पीडित मुलुकका दलाल सरकारहरूले यस प्रकारका ऋण, सहायता वा अनुदानलाई स्वीकार गरेर देशलाई साम्राज्यवादको उम्किनै नसकिने फन्दामा पार्दै आएका छन् । आफूलाई कम्युनिस्ट वा वाम बताउन मनपराउने सरकार संलग्न नेताहरूले यसतर्फ मौकैमा गहिरिएर सोच्न र राष्ट्रिय स्वाधीनताका पक्षमा उठेका आवाजहरूलाई ध्यान दिएर सुन्न जरुरी छ ।

आज एकातिर भारतीय विस्तारवादले लिम्पियाधुरा, कालापानी सहितका क्षेत्रलाई आफ्नो भूभागमा गाभेर नयाँ नक्सा सार्वजनिक गरी नेपालको राष्ट्रिय स्वाधीनतामाथि हमला बोलेको छ भने अर्कोतिर अमेरिकी साम्राज्यवादले एमसीसी सम्झौता मार्फत् अमेरिकी सैन्य गठबन्धनमा सामेल गराएर देशको राष्ट्रिय अस्मितामाथि धावा बोल्न खोजिरहेको छ । यो देशको राष्ट्रिय स्वाभिमान तथा सार्वभौमिकतामाथिको गम्भीर चुनौती हो । यो बेला सबै सच्चा नेपाली देशभक्तहरू राष्ट्रिय स्वाधीनताको रक्षाको लागि एकताबद्ध भएर संघर्षमा उत्रन जरुरी छ । नेपाल र नेपालीहरूका लागि यो अग्निपरीक्षाको घडी हो ।

*मितिः माघ १९, २०७६*

## परिवर्तनका...

दियो भने हामी पछाडी पारिन्छौं भन्ने दरिद्री मानसिक रोग परापुर्वकालदेखिकै हो । जुन अहिलेसम्म पनि निरन्तरता पाइरहेको छ । राज्यसत्तामा पुगिसकेपछि कानून तिनीहरूको लागि लागु हुनु हुदैन अर्थात तिनीहरू कानून भन्दा माथि रहनु पर्दछ भन्ने पुरानै राजकीय संस्कार हो । नपत्याए एकपटक फेरी घोत्लिएर इतिहांसका पानाहरू पल्टाएर हेर्नुहोस् त यति धेरै डरलाग्दा भ्रष्टाचार, अनियमितता लगायत भन्नै नहुने घृणा लाग्दा घटनाहरू हुदा पनि खै कसलाई कारवाही भयो र ? अहिलेसम्म २र४ जनालाई साधरण मुद्दा बाहेक कसलाई कसुर अनुसार कार्यवाही भएको छ र ? विश्व परिवेशलाई हेर्दा हामीकहां भएका जस्ता घटना त ठूला भए साधरण घटनामा पनि नैतिकताको आधारमा राजिनामा दिने चलन छ । जसको उदाहरण यहां प्रस्तुत गरिरहनु जरुरी छैन जुन सबै सर्बसाधरण समेतलाई ज्ञात भैसकको कुरा हो । दोस्रो हो कर्मचारी जसलाई स्थायी सरकार पनि भनिन्छ । कर्मचारी भनेको राज्यको तीन अंग मध्ये कार्यपालिकाको प्रमुख अंश हो जसले राज्यको नीति नियमलाई कार्यान्वयन गर्ने कार्य गर्दछ । यसरी हेर्दा यो शक्ति जसको सरकार आएपनि सधैं सत्तापक्ष नै भएर कार्य गरिरहेको हुन्छ । त्यहि भएर होला देशमा कति परिवर्तन भए तर कर्मचारीमा कहिले पनि परिवर्तन भएन । ऊ सधैं सत्तामै बसिरहयो र रहिरन्छ पनि । किन भने यसलाई परिवर्तन गर्ने नीति नियम र आन्दोलनहरू भएकै छैनन् । हुने कुरा पनि भएन किन भने उ एउटा कर्मचारी (कारिन्दा) न हो जसले नियमसंगत अह्राएको काम गर्ने न हो । यो कर्मचारी सधैं शासन शक्तिमा रहिरहने र राजनीतिक दलमा पनि आबद्ध हुने भएको कारण आफु अनुकुल हुने कार्यबाहेक यसले आफुलाई अप्ठ्यारो पर्ने नीति नियम बन्ने भएमा रोक्ने कार्य गरेको देखिन्छ । यसको सिधा अर्थ के देखिन्छ भने यो शक्ति सधैं नाफामै रहिरहेको देखिन्छ । यो नाफा राजनीतिक दललाई पनि सिकायो र बांडीचुडी खाने (भागबण्डा लगाउने) प्रवृत्तिमा परिणत भई राज्यको सम्पत्ति दोहन गर्ने वर्गको रूपमा परापुर्वकालदेखि चलिरहेको देखिन्छ । यो कुरा विगत इतिहांसले पनि देखाउंछ र वर्तमानले पनि देखाइरहेको छ । होइन भने हिजो अरु माथिल्लो पदका त कुरै नगरौं साधरण एउटा गाउको मुखिया, बैदार जस्ता पदमा रहनेले पनि कसरी पुस्तौं पुग्ने सम्पत्ति आर्जन गर्न सके होलान ? आज पनि हामी सहजै देख्न सक्दछौं कि केहि यस्ता कार्यालय छन् जहांका कर्मचारीहरू करोडौंका मालिक बन्ने गरेको देखिन्छ । यो कसरी सम्भव भयो ? त्यस्तै हिजो केहि नभएका राजनीतिक कार्यकर्ता आज कसरी करोडौंका मालिक भए ? यी सबै कुरा राज्यका हरेक नागरिकलाई थाह छ तर खै कार्यवाही भएको ? सायद प्रमाणको कमि पनि छैन होला जहां कार्यवाहीको लागि प्रमाण नपुगोस् । किन कि यसमा राजनीतिक शक्ति र केहि कर्मचारीहरूको घांटी जोडिएको देखिन्छ । किन भने अहिलेसम्म राजनीति गर्नेलाई कानूनी दायरामा लिएको देखिदैन । जसको प्रत्यक्ष फाइदा कर्मचारी तथा अन्य विभिन्न पेशा व्यवसायका व्यक्तिहरूले लिई रहेको देखिन्छ । कुनै पनि राजनीतिक दलमा जोडिने र कार्यवाहि हुनबाट जोगिने गरेको देखिन्छ । तेस्रोमा दलाल, ठेकेदार, व्यापारी, तस्कर, धर्मभिरु (धर्मको नाममा बाबा, जोगी आदि बनेको), एनजिओरआइएनजिओ आदि पर्दछन् । यो शक्तिले पैसाको प्रलोभनमा पारेर सधैं आफ्नो स्वार्थ पूरा गर्ने गरको देखिन्छ । यो शक्तिले विशेष गरि सत्तामा रहेको र विभिन्न शक्ति केन्द्रलाई प्रयोग गरि नाजायज फाइदा उठाउने गरेको देखिन्छ । पछिल्लो समय आफै कुनै राजनीतिक दल मार्फत चुनावबाट सांसद बन्ने र आफु अनुकुल नीति नियम बनाउने गरेको देखिन्छ । यी बाहेक केहि तत्वहरू पनि छन् तर यी तीन शक्ति जति सकृय र प्रभाव पार्न सक्ने क्षमताका देखिदैनन् । त्यसैले अहिलेसम्म देखिएका यिनै तीन मुख्य खेलाडीहरू हुन् ।

निश्कर्षमा के भन्न सकिन्छ भने यदि परिवर्तनको बाधकतत्वलाई नियन्त्रण गर्ने हो भने सबभन्दा पहिला राजनीति इमान्दार बन्नु प(यो । नेपालीमा उखान छ मुहान सफा भए मात्र नदी सफा हुन्छ । किन भने राज्यको कार्यपालिका सम्हाल्न पाउने बैधानिक अधिकार भनेको राजनीतिक दललाई मात्र दिएको छ । यदि राजनीतिक दल स्वच्छ र इमान्दार भैदिने हो भने रातारात नीति नियम परिवर्तन गरेर कुनै पनि कुरालाई नियन्त्रण गर्न सक्दछ । त्यसैले यसलाई जोड दिएर यसो भन्न सकिन्छ कि आजसम्म त कुनै शक्तिले परिवर्तनलाई आत्मसात गर्न चाहेको देखिएको छैन । भोलि के होला भन्न सकिदैन । नेपालमा एउटा के दुःखद कुरा देख्न पाइरहेको छ भने यथास्थितिवादी शक्तिको त के कुरा भयो र विवसतावस भन्नु परेको छ मार्क्स र एंगेल्सले प्रतिपादन गरेको सिद्धान्त र माओ र लेनिनले विकास गरेको विचार बोकेका परिवर्तनकारी शक्ति भनिने कम्युनिष्टहरूमा समेत परिवर्तनलाई आत्मसात गर्न नचाहेको देख्दा अब नेपाली नागरिकले कसको विश्वास गर्ने हुन् विचरा । अब नेपालमा त्यसलाई चिर्न सक्ने गरि नयां वैकल्पिक शक्तिको आवश्यकता महशुस नेपाली जनतालाई भैसकेको देखिन्छ । त्यो अवश्य सम्भव छ र हामी सधैं परिवर्तनको पर्खाइमा रहेका नेपाली नागरिकबाटै सम्भव छ । त्यसको लागि सबभन्दा पहिले चाहे त्यो कुनै पनि राजनीतिक दल वा शक्ति होस् जो मुहान हो आफै सुध्रिनु प(यो र त्यसपछि सधैं शक्तिमा देखिरहने दोस्रो र तेस्रो शक्तिलाई सहि ढंगले प्रयोग गर्न सक्नु प(यो । सहिलाई सहि र गलतलाई गलत भन्न सक्नु प(यो र यदि गलत भएमा कानूनी कार्यवाहीको लागि खुट्टा कमाउन हुदैन । नातावाद र कृपावादलाई पुरै बन्द गर्न सक्नु पर्दछ । आफ्नालाई होइन योग्य र सक्षम व्यक्तिलाई कदर गर्ने आंट गर्नु प(यो । असक्षमहरूको झुण्डले देश बन्छ भनेर सपना नदेखे हुन्छ र यो झुण्ड भनेको केहि क्षणलाई जमघट देखाउनमा मात्र प्रयोग होला त्यो भन्दा बढि आस गर्नु मुर्खता शिवाय केहि हुदैन । देखि सकिएको छ कि एउटा सक्रिय कार्यकर्ता अर्को दलमा गएर म पनि हजुरकै दलको भनेर नियुक्ति खाएको । ७० प्रतिशत जनता गाउंमा वसोवास गर्दछन् जसको कहिल्यै विकास हुन सकेन । सधैं उसले उत्पादन गरेको वस्तु कहां वजारिकरण गर्ने, कहां भण्डारण गर्ने आदि समस्या रहिरहयो । अर्थात गाउंको उत्पादनले कहिले पनि राज्य शक्तिको नजरमा पर्न सकेन । उसले उत्पादन गरेको वस्तुले वजार पायो भने देशको अर्थतन्त्रमा प्रभाव पार्छ र रोजगारको समस्यालाई समेत टेवा पु(याउनमा सहयोग गर्दछ । साथै अर्को महत्वपूर्ण कुरा भनेको नेपाल वहुजातिय देश हो । यहां तल्लो अति नाजुक अवस्थाको वर्ग (सुकुम्वासी, हलिया, भूमिहिन, किसान, विभिन्न किसिमका भेदभाव, उत्पिडन, छुवाछुत आदि) देखि अति माथिल्लो क्लासका भिआइपि समेत रहेको देशमा राज्यले सधैं त्यहि उच्च वर्गको साथ शासनसत्ता चलाउने गरेको देखिन्छ त्यो बन्द गर्न सक्नु पर्दछ । त्यसैले नेपालको आवश्यकता अनुसार सबै वर्ग र समाज अनुकुल शासन व्यवस्थालाई लागु गर्न नडराउने नेतृत्व खोजेको छ । अर्थात नेपाललाई वर्णसंकर प्रजातन्त्र (ज्थदचष्म म्भ्मयअचबअथ) चाहिएको छैन । प्रजातन्त्र चाहिएको छ भने त्यो विकटमा रहेर अवसर नपाएका निमुखा गरीवलाई चाहिएको छ । त्यसैले यसरी बुझ्नु जरुरी मात्र होइन अति नै जरुरी भैसक्यो कि यदि देश बनाउने हो र भोलि हाम्रा सन्ततिलाई सभ्य समाज सहितको सुन्दर देश छोडेर जाने सपना छ भने क्षणिक फाइदालाई तिलाञ्जलि दिन र फांसीमा चढ्न पनि तयार हुनु पर्ने आवश्यक छ । अब एउटा सच्चा आदर्शवादी नेताको खांचो छ जुन देशले कहिले पाउन सकेन । पाएतापनि उसलाई काम गर्ने वातावरण कहिल्यै बनेन । अब नेपाली जनताले यसैको प्रतिक्षा गर्नु बाहेक अर्कों बिकल्प तत्काल देखिएको छैन ।

## नेवाः...

हेर्दा कालापानी-लिपुलेक-लिम्पियाधुरा भारतले कब्जामा राखेको मात्र छैन, भारतीय नक्साभित्र पनि गाभिएकोछ । यसका साथै भारतले नेपालको सीमाना ७१ ठाउँमा अतिक्रमण गरेको छ । तर देशका शासकहरूले यसमा खासै चासो दिइरहेका छैनन् । यतिमात्र होइन देशको राजनीति, संस्कृति, नदीनाला, अर्थतन्त्र र जनसंख्यामा पनि भारतीय विस्तारवादको हस्तक्षेप बढ्दै गएको छ । सैन्य रणनीतिकको रूपमा भएको हिन्द प्रशान्त रणनीति अन्तर्गत एमसीसीको ५० करोड डलर ल्याई नेपाललाई अमेरिकी साम्राज्यवादको सैन्य गठबन्धनमा भित्र्याउने षड्यन्त्रले देशको राष्ट्रिय स्वाधीनता झन् गंभीर संकटमा परेको छ । देशको अखण्डता र राष्ट्रिय स्वाधीनता गंभीर संकटमा परेको छ ।

अर्कोतिर नेपालको आन्तरिक राष्ट्रियता पनि कम संकटमा परेको छैन । ब्राम्हणवादी संसदीय पार्टी र नेता तथा जनयुद्धका मूल नेतृत्वबाट भएको धोका र गद्दारीसहित ०७२ सालको संविधान बनाउने काम भयो, जुन महान् जनयुद्ध, ऐतिहासिक जनआन्दोलन, आदिवासी जनजाति आन्दोलन, मधेशी आन्दोलनको भावना विपरित पहिचान, स्वायत्तता र पूर्णसमानुपातिक तथा समावेसी नभएको सारमा प्रतिकृयावादी कालो संविधान हो । नेवाः जातिसहित आदिवासी जनजातिहरू यस संविधानले पुनः यथावत उत्पीडनमा पारिएको छ । यसको निरन्तरतामा केही दिन अघि ३ नं. प्रदेशको नाम प्रदेश संसदले बाग्मती प्रदेश राखेर पहिचान झल्किने नेवाः ताम्सालिन नाम अस्विकार गऱ्यो । आज नेवाः भूमिमा भइरहको अतिक्रमण, नेपाल भाषा, कला, संस्कृति र सम्पदामा भइरहेको अतिक्रमणले नेवाः सभ्यता, संस्कृति र जाति लोप बनाउने काममा ब्रम्हाणवादी शासकहरू सचेत रूपले लागिपरेका छन् । यसलाई निरन्तरता दिदैं पुनः फास्टट्र्यायूक, आउटररिङ रोड, स्मार्टसिटी, सुख्खा बन्दरहागा, सडक विस्तार, गुथि प्राधिकरणका नाममा लाखौंलाख रोपनी जमीनबाट र काठमाडौं उपत्यकाबाट नेवाःहरूलाई विस्थापित गर्ने योजनासहित यस प्रतिक्रियावादी ब्रम्हाणवादी सत्ता अगाडि बढिरहेको छ । आज नेपालको सबैभन्दा विकसित आदिवासी जनजाति भएर पनि नेवाः जातिको पहिचान सबैभन्दा संकटमा परेको छ । यति मात्र होइन, आज नेपाली जनता महंगी, भ्रष्टाचार, तस्करी, हत्या, बलात्कारले आक्रान्त भइरहेका छन् । जबसम्म नेवाः भूमिमा नेवाः राज्य स्थापना हुनेछैन, यो समस्या बढ्दै जानेछ । नेवाः आदिभूमिभन्दा बाहिरका नेवाः वस्तीहरूमा स्वायत्तता र स्वशासन आवश्यक छ । त्यसैले नेवाः जातिको मुक्तिका लागि नेवाः राज्यको स्थापना र पहिचानसहित संघीयता हाम्रो मुल लक्ष्य यथावत रहेका छन् र यस लक्ष्यलाई लिएर नेवाः राष्ट्रिय मुक्ति मोर्चा, नेपाल निरन्तर अगाडि बढिरहेको छ ।

आदरणीय नेवाः दाजुभाइ तथा दिदीबहिनीहरू,

नेवाः राज्य स्थापना र राष्ट्रिय स्वाधीनताको रक्षाका लागि आज शसक्त आन्दोलन अपरिहार्य भएको छ । यस भूमिका पुरा गर्न नेवाः राष्ट्रिय मुक्ति मोर्चा, नेपालको सशक्त जनआधार, सुदृढ संगठन निर्माण र शसक्त आन्दोलन उठान गर्न तेस्रो राष्ट्रिय सम्मेलन हुन गइरहेको छ । यस सम्मेलनलाई भव्यतापूर्वक सम्पन्न गर्न तपाईँहरू नेवाः दाजुभाइ तथा दिदीबहिनीहरू लगायत आम नेपाली जनसमुदायलाई सम्मेलनमा सहभागी हुन र सक्दो रूपमा सहयोग गरिदिन हुन हार्दिक अनुरोध गर्दछ ।

*नेवाः राष्ट्रिय मुक्ति मोर्चा, नेपाल*
*केन्द्रीय समिति*

## नेपालमा...

कुनैबेला भूपरिवेष्ठित देशको रूपमा पूर्णतः दक्षिणी छिमेकी भारतप्रति आश्रित रहने नेपाल आधुनिक परिवेशमा उत्तरी छिमेकी चीनसंगको सम्बन्धपनि गाढा हुँदै जानूलाई यसको उदाहरणको रूपमा लिनसकिन्छ ।

जहाँसम्म नेपालमा माओवादी आन्दोलनको भविष्यको सम्बन्ध छ, जनयुद्ध विघटित भएपनि वर्गीय अन्तरविरोधहरू अझैपनि समाधान भएका छैनन्, अर्कोतिर नेपालीसमाजमा श्रमजीविवर्ग र उत्पीडित समुदायमा अझै जनयुद्धप्रति आकर्षण छ । सफल हुनसकेको र बाटो बदलेकोमा माओवादीप्रति दुःखसंगै अविश्वास भने छ । फेरी गरिब देशहरूमा विद्रोह र क्रान्तिको सम्भावना हमेशा कायम रहन्छ । यस्तोमा इमान्दार क्रान्तिकारीहरूले आफूलाई पुनर्संगठित गर्नसके माओवादी जनयुद्धको सम्भावनालाई नकार्न सकिँदैन । तर यो पुरानो स्थितिमा नभई नयाँसन्दर्भमा र नयाँरूपमा मात्र सम्भव छ । तत्कालभने विभाजित र छरिएको माओवादीशक्ति कमजोर स्थितिमा नै छ । यतिबेला देशमा विद्यमान माओवादीशक्तिको दायित्व एकता र माओवादी विचारलाई नयाँ सन्दर्भमा विकास गरेर नयाँ संघर्षको तयारीमा जुट्नु नै हो ।


**शीत लहरको समयमा चिसोका कारण मानिसको मृत्युसमेत हुनसक्छ, त्यसैले**

- बालबालिका, वृद्धवृद्धा, गर्भवती महिला तथजा बिरामीहरूको हेरचाहमा विशेष सतर्कता अपनाउँदै न्यानो अवस्थामा राख्ने व्यवस्था मिलाऔं ।
- चिसोको कारण बिरामी भएमा तत्कालै नजिकको स्वास्थ्यचौकी वा अस्पतालमा तुरुन्त उपचारको लागि जाने बानीको विकास गरौं ।
- शीत-लहर चलेको बेलामा पाल्तु पशुपंक्षीलाई सकेसम्म खुल्ला स्थानमा चराउन नलैजाऔं । गोठ/टहरमै राखेर पर्याप्त घाँस/पराल र दाना दिने व्यवस्था मिलाऔं ।
- चिसोको कारण पशुपंक्षी बिरामी भएमा नजिकैको पशु चिकित्सालयमा तुरुन्तै सम्पर्क गरी औषधी/उपचार गर्न लैजाऔं ।
- कोठाभित्र आगो बाली तातो पार्दा पर्याप्त भेन्टिलेसनको व्यवस्था मिलाउन नभुलौं ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
**सूचना तथा प्रसारण विभाग**



**आरामदायी र भरपर्दो यात्राका लागि हामीलाई सम्झनुहोस् ।**

**खोटाङ यातायात प्रा.लि.**
काठमाडौंबाट- **हलेसी,**
ऐसेलुखर्क, बाक्सीला, भोजपुर, ओखलढुंगा, सोलु जानु परेमा हामीलाई सम्झनुहोस् ।

**सम्पर्क–**
कोटेश्वर- ०१४६०१६८०
९८५१२४५६८०
चाबहिल- ९८५१२४५६८०
दिक्तेल- ०३६४२०६७३, ०३६४०२०६८०



**रोयल बुईपा A/C जम्बो हाईस**

गाईघाट-लहान-खुर्कोट हुँदै काठमाडौंसम्म

| काठमाडौं सम्पर्क नम्बर | गाईघाट सम्पर्क नम्बर |
|---|---|
| बसन्त खड्का - ९८४८३७७९३ | फोन नं. ०३५-४२१६४३ |
| - ९८१७७१९६७ | पुरुषोत्तम खनाल - ९८५८३५६९० |
| ईन्द्र कट्टेल - ९८१८४१५२९० | - ९८१५७८४८७४ |

दैनिक दिवा सेवा तथा आरामदायी र भरपर्दो यात्राको लागि हामीलाई सम्झनुहोस् ।

## आलोपालो

# परिवर्तनका बाधक तत्वहरू

● गोरे

नेपालमा परिवर्तनका लागि कति धेरै आन्दोलनहरू भए र बलिदानहरू भए ती सबै सधैं इतिहांस बनेर रहनेछन् नै । विभिन्न समयमा भएका आन्दोलनहरूको उठान, परिवेश र प्रकृतिलाई केलाउंदा नेपालीहरू परिवर्तनप्रति कति भोका छन् भन्ने कुरा प्रष्ट हुन्छ । यसको सिधा अर्थ के हुन्छ भने नेपाली जनता सधैं परिवर्तन चाहन्छन् भन्ने हो । नेपालमा भएका मुख्य मुख्य आन्दोलनहरूमा २००७ सालको राणा विराधी आन्दोलन, २०४६ सालको पञ्चायत विरोधी आन्दोलन, २०५२ देखि २०६२ सम्मको १० वर्षे विद्रोह र २०६२/६३ को जनआन्दोलनहरू हुन् । यी सबै आन्दोलनहरूमा जनताको सक्रिय भूमिका रहेको छ । यी सबै आन्दोलनहरू नयां परिवर्तनका चाहना र देशको अग्रगामी विकासको उत्कत भावनाले भएका हुन् । यी स्वतः देशप्रेमले ओतप्रोत भई उद्धेलित भएका मनोकांक्षाले भरिएका देखिन्छन् ।

नेपालमा भएका सबै आन्दोलनका मूल उद्देश्यहरू के देखिन्छ भने प्रजातान्त्रिक शासन शैली, समतामूलक समाज, समान पहुंच (अर्थशाष्त्रिय भाषामा भन्नु पर्दा समान वितरण), आर्थिक उन्नति, गरीवि उनमूलन (भूमिहिन, किसान, मजदुर, सुकुम्वासी, हलियाहरूको व्यवस्थापन कार्य हुन नसकेको), कानूनी शासन, शिक्षा स्वास्थ्यमा सबैको पहुंच आदि यिनै विषयवस्तुमा विकास खोजेका थिए । नेपाली जनताहरूले घरघरमा राशन पानीकै व्यवस्था गरिदिनु पर्छ भनेका थिएनन् । नेपाली जनताले खोजेका विषय साधरण थिए जो विश्व मान्यातामा आधारित छ र पूरा गर्नै नसकिने खालका पनि हैनन् । ती हुन् भ्रष्टाचार नियन्त्रण, महंगी नियन्त्रण, उत्पादित वस्तुहरूको उचित मूल्य र वजारको ग्यारेन्टि, आफ्नै देशमा रोजगारी, स्वास्थ्य शिक्षामा सबैको पहुंच सकेसम्म निःशुल्क, सुशान वस् यस्तै मुख्य साधरण विषयहरू नै त थिए जो एउटा नागरिकको लागि नैसर्गिक अधिकार हो र यी संविधानमा नागरिक हकका रूपमा पनि व्यवस्था भएका विषय हुन । नेपाली जनताले पानी जहाज जो भूपरिवेष्ठित देशको लागि असम्भव, तुरुन्तै पुर्वपश्चिम जोड्ने रेल, ठूलाठूला वहुराष्ट्रिय कम्पनी र विश्वकै सर्वाधिक धनी बन्ने सपना माग गरेका थिएनन् जस्तो लाग्छ । भनिन्छ जनता सर्वशक्तिमान हुन्छ तर बिडम्बना नेपालमा जनता कहिल्यै पनि शक्तिवान बन्न पाएनन् । नेपाली जनताले जहिले पनि हारे । जित उनै सत्तामा पुगेका राजनीतिक दल अनि तिनैका आसेपासे तथा दलाल, पूंजिपति वर्ग, व्यापारी, ठेकेदार, चाकडी गर्ने र समय अनुसार छेपारो भैं रंग फेर्न सक्ने वर्गकै भयो । प्रत्येक जितको खुसीयालीमा नारा लाग्छ यो जित कसको जनताको ।

अब मूल विषयमा प्रबेश गरौं । यति धेरै परिवर्तन हुदा पनि किन नेपाली जनताले कहिल्यै परिवर्तनको अनुभुति गर्न पाएनन् त ? आखिर यसको बाधक हो को त ? किन जनता सधैं हारिरहेको छन् ? अहिलेसम्मको अनुभवमा नेपाली जनतालाई सबभन्दा ठूलो विश्वास जागेको दिन भनेको माओवादी जंगलबाट शान्ति प्रकृयामा आउनु र सहज रूपमा राजाले राजसंस्था त्याग गर्नु अनि देशमा विकासको ठूलो आशाकासाथ माओवादीलाई जिताउनु थियो । तर त्यो जित कालान्तरमा निराशामा बदलिंदै गयो र अन्तमा उहि पुरानो रोग अर्थात त्यो सरकार पनि सानो घेराबन्दिमा नै रुमल्नि पुग्यो । यहि अबस्था रहिरहेपश्चात जनतालाई फेरी भन्न थालियो बहुमतको सरकार नभएकोले काम गर्न सकिएन । जनतालाई पनि भोंक चलेछ डबल नेकपालाई दुई तिहाइ मत दिए समृद्धिको आशमा । दुई वर्ष वितिसक्यो फेरी पनि आएन त समृद्धि । कसले रोक्यो त्यो समृद्धिलाई ? हो अब हामी नेपाली जनता यहिनेर घोत्लिनु पर्ने छ कि आखिर यसको बाधक हो को ? अहिलेसम्मका घटना र परिवेशलाई केलाउदा मुख्य तीन विषयलाई नै यसको बाधक मान्न सकिन्छ । पहिलो जो परिवर्तनको वाहक हो उहि नै त्यसको प्रमुख बाधकको रूपमा देखा प(यो । ती हुन् राजनीतिक दल आफै । कसैलाई यस कुरामा विश्वास नलाग्न सक्दछ । तर घटना र तथ्यले यहि कुरा सहि हो भन्न बाध्य पारेको छ । प्रमाणको रूपमा केहि घटनाक्रमलाई लिएर छलफल गरौं । नेपाली जनताले सबभन्दा विश्वास माओवादी शान्ति प्रकृयामा आएपछि गरेका थिए र सोहि अनुसार चुनावी मत पनि आएको थियो । तर के भयो त्यो पनि उहि पुरानै राजनीतिक दल भन्दा पनि अभ्क उल्टो गतिमा हिड्न थाल्यो । अर्को दोस्रो जनताको विश्वासलाई हेर्ने हो भने एमाले माओवादी जो समृद्धिको नारा लिएर चुनावमा आएका थिए जसलाई दुई तिहाई मत दिए । दुई वर्षको समय वेतित हुदासम्म पनि काम गराई त पहिलेको भन्दा फरक त देखिएन । विकास खर्च उस्तै छ, भ्रष्टाचार उस्तै छ, दलाल पूंजिपति वर्गको बोलवाला उस्तै छ अर्थात सबै उस्तै त छ । के मानेमा फरक छ त ? हो राजनीतिक दलका नेताहरूले कहिले पनि परिवर्तनलाई आत्मसात गरेको देखिदैन । यो यथास्थितिवाद खानदानी संस्कार बनिसकेको छ । यदि तल्लोस्तरको जनतालाई अधिकार *बाँकी ७ पेजमा*

# देजमो केन्द्रीय सदस्य खगेन्द्र छन्त्याललाई मातृशोक, पार्टी र देजमोद्वारा समवेदना व्यक्त



काठमाडौं । नेकपा (क्रान्तिकारी माओवादी) ३ नं. प्रदेशका सदस्य तथा काठमाडौं जिल्लाका सेक्रेटरी खगेन्द्र छन्त्यालकी ममतामयी आमाको निधन भएको दुःखद् क्षणमा आमा पञ्चमाया छन्त्यालप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै पार्टी काठमाडौं सेक्रेटरी खगेन्द्र छन्त्याललगायत शोकसन्तप्त परिवारजनप्रति हार्दिक समवेदना व्यक्त गरेको छ । पार्टीका प्रदेश सेक्रेटरी प्रवेशले एक वक्तव्य जारी गरी समवेदना व्यक्त गरेका हुन् ।

यसैगरी देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपालका केन्द्रीय सदस्य खगेन्द्र छन्त्याललाई मातृशोक परेको छ । छन्त्यालकी ममतामयी आमा पञ्चकुमारी छन्त्यालको ९४ वर्षको उमेरमा बिहीबार राती ग्रिनसिटी अस्पतालमा उपचारको क्रममा निधन हुन पुगेको छ ।

छन्त्यालकी आमा पञ्चकुमारीको निधनको खबरले स्तब्ध भएको उल्लेख गर्दै देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपालका अध्यक्ष सीपी गजुरेलले एक वक्तव्य जारी गरी दिवंगत पञ्चकुमारीप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा गहिरो समवेदना व्यक्त गर्नुभएको छ । दिवंगत पञ्चकुमारीका २ छोरा, ३ छोरी, ३ बुहारी रहेका छन् । दिवंगत पञ्चकुमारीको आजै पशुपति आर्यघाटमा अन्तिम श्रद्धाञ्जलीसहित अन्त्यष्टी गरिएको छ । अन्तिम श्रद्धाञ्जलीका लागि नेकपा (क्रान्तिकारी माओवादी)का स्थायी समिति सदस्य तथा देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपालका केन्द्रीय अध्यक्ष सीपी गजुरेल, पार्टी पीवीएमहरू दिनेश शर्मा, पवनमान श्रेष्ठ, सुरेश श्रेष्ठ लगायत पार्टी, देजमो सम्बद्ध नेता कार्यकर्ताहरू पशुपति आर्यघाट पुगेका थिए ।

## सुखी परिवार...

भाँचेको उपति छैन । सबै भत्काउने र बिगार्ने मात्रै हुन् । डिबियासियिबा फुटालिदिई यसले । भरे अब के बाल्ने हो अँध्यारामा'।'

'ल ल भयो अब नरोऊ । चुप' । स्वास्नीको उग्र रूपतिर कुनै वास्ता नगरिकन उसले छोरीलाई काखमा बोकेर घरभित्र पस्यो र उसको टाउको थप्थपाउन थाल्यो । 'हाम्रा छोरी जाति छ । जाती छोरी रूँदिन ।' उसले छोरीलाई आफ्नो काखमा राख्यो र हातमाथितिर उठायो । 'चरीको मासु चाम्रो छ, हाम्रैं नानु राम्रैं छ ।' छोरीलाई घुंडामा राखेर उसले लोली मिलायो । 'बिरालीको मुख कसरी धुने होला ? लौ हेर, छोरीलाई बुबाले सिकाइदिन्छु ।' त्यसपछि उसले गर्धन तन्कायो, हत्केला चाट्यो र मुखतिर दल्यो ।

'हिं.हिं., बिराली । ' छोरी हाँस्न थाली ।

'अँ अँ ठीक छ । हेर बिराली ।' उसले त्यो क्रियाकलाप धेरै पटक दोहो-यो । र, उनीतिर हेरेर टक्क रोकियो । छोरी, आँखामा आँसुका ढिका लिएर मुस्कुराइरहेकी थिई, सहसा उसको दिमागमा एउटा भट्का लाग्यो । छोरीको अवोध निर्दोष अनुहारमा पाँच वर्ष पहिलेको उसकी आमाको अनुहार टाँसिएजस्तो देखियो । खास गरेर उनका उज्याला राता ओठहरू दुरूस्तै थिए । आकार मात्रै अलिकति सानो किसिमको । केही वर्ष पहिलेको कुरा हो । हिउँदको घमाइलो दिन थियो त्यो । उसले उसकी प्रेयसीका लागि हरेक किसिमका विघ्नबाधासित जुझ्दै उनका लागि जस्तोसुकै बलिदान गर्न पनि तयार हुनेछ भनेर त्यो दिनमा प्रतिज्ञा गरेको थियो । त्यतिबेला उसकी प्रियतमाले पनि त्यसरी नै आँखामा आँसुका ढिका लिएर मुस्कुराउने चेष्ठा गरेकी थिई । ती सबै कुरा सकेपछि उसलाई एकप्रकारको नसाले छोपेजस्तो लाग्यो र ऊ धर्मराउँदै थचक्क बस्यो ।

'ती सुन्दर रसिलास ओठहरू' उसले सोच्यो ।

ढोकाको पर्दा एक्कासी उघ्रियो र उसकी दुलही दाउरा लिएर भित्र पसी लेखकले आफुलाई समाल्ने प्रयत्न ग-यो । छोरी आँखामा आँसुका ढिका लिएर ऊतिर हेर्दै मुस्कुराईरहेकी थिई र उसका उज्याला ओठहरू खुलेका थिए । 'ओठ' दाउराभित्र ल्याउँदै गरेकी उसकी दुलहीमाथि उसका नजर परे ।" सम्भवतः यो केही पनि होइन । तर पाँच पन्चे पच्चीस, नौ नवा एकासी । फेरि उही कुरो । 'र दुईवटा रसिला आँखाहरू ।' यस्तो सोचेर उसले कथाको शीर्षक र हिसाबका अंकहरू लेखिएको निलो धर्कावाला कापीको पाना थुत्यो, कच्याककुचुक पा-यो र छोरीको सिंगान आँखा पुछ्न त्यसलाई फेरि खोल्यो । 'राम्रै मान्छे, बाहिर जाउ र खेल ।' उसले छोरीलाई यसो भन्दै बाहिरतिर पठायो र कागजको एउटा बल पनि फोहर फाल्ने कागजको टोकरीतिर हु-यायो ।

तर एक्कासी उसको मनमा छोरीप्रति स्नेहको मूल फुट्यो । उसले बाहिरतिर हे-यो, छोरी परपर गइरहेकी थिई । त्यति नै बेला उसले खाटमुनि दाउरा घुसारेको आवाज सुन्यो । चित्तलाई एकाग्र गर्ने अठोट गरेर ऊ पछाडि फर्क्यो र आँखा चिम्ल्यो । ऊ सबै प्रकारका विपरीत विचारबाट मुक्त भएर , तनावरहित भएर शान्तिपूर्वक बस्ने प्रयत्नमा लाग्यो ।

उसले एउटा चौडा, गोलो कालो सुइरे फुल उसको देब्रे आँखाको छेउबाट बन्दै गएर दाहिनेतिर लागेको र त्यही बिलाएको देख्यो । त्यसपछि एउटा बीचमा गाढा हरियो रंग भएको चहकिलो हरियो फुल देख्यो । अन्त्यमा उसले एउटा भीमकाय ए आकारको ६ वटा बन्दागोभीको थुप्रो देख्यो ।

*मार्च १८,१९२४।*

## यी जनपक्षीय मिडियाहरू खोजी खोजी पढौं !

- www.moolbato.com
- www.daunnenews.com
- www.isthaniyapatra.com
- www.navadristi.com
- www.hamrokalapani.com
- www.hamroonline.com
- www.newsabhiyan.com
- वर्गदृष्टि साप्ताहिक
- दाउन्ने साप्ताहिक
- स्थानीयपत्र साप्ताहिक
- छापामार साप्ताहिक
- नयाँ कोशी मासिक
- दायित्वबोध त्रैमासिक










**प्रकाशक** : वर्गदृष्टि मिडिया प्रा.लि., **प्रबन्ध निर्देशक** : हुकुमबहादुर सिंह, **सम्पादक** : इन्द्रबहादुर राउत, **फोटो**: जय दाहाल, **कार्यालय** : काठमाडौं-१०, बुद्धनगर **सम्पर्क नं.** : ९८५१०७६८६४, ०१-५२६०११२ **इमेल** : bargadristi073@gmail.com, **मुद्रण** : सुजल अफसेट प्रेस, बागबजार, काठमाडौं ।